# प्रदेश सभा

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

**(चौविसौँ बैठक)**

**मिति २०७६/०३/१६ गते, बिहान ११ : ०० बजे ।**

प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहान ११:२७ बजे बस्यो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७६ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम म, माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनलाई मिति २०७६ साल असार १३ गते छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन

माननीय सभामुखज्यू , आर्थिक वर्ष २०७६/०७७ का लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रस्ताव गरिएका विभिन्न कार्यक्रमहरुका सन्दर्भमा यस सम्मानित सदनमा छलफलका क्रममा माननीय सदस्यज्यूहरुबाट प्राप्त भएका जिज्ञासाप्रति आभार व्यक्त

गर्दै सो सन्दर्भमा थप प्रष्ट पार्ने अनुमति चाहन्छु। सर्वप्रथम म के स्पष्ट पार्न चाहन्छु भने सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएका सबै कार्यक्रमहरु आवश्यकताका आधारमा छनौट गरिएका हुन् भन्ने जानकारी राख्न चाहन्छु। दोश्रो विश्वविद्यालयको सम्भाव्यता अध्ययन शीर्षकमा ९ करोड बजेट छुट्टिएको कुरा र यो धेरै भयो कि भन्ने माननीय सदस्यज्यूहरुबाट जुन जिज्ञासा प्राप्त भएको थियो। यसमा सम्भाव्यता अध्ययनभित्र विश्वविद्यालयको सम्भाव्यता अध्ययन, डिपिआर तयारी, पाठ्यक्रम सहितको शैक्षिक कार्यक्रम तयारी र विश्वविद्यालय स्थापना र सञ्चालन खर्च समेत समाविष्ट रहेको व्यहोरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। राष्ट्रिय युवा परिचालन कार्यक्रमतर्फ राष्ट्रिय विकास स्वयंसेवा कार्यक्रमको लागि गण्डकी प्रदेशमा १३६ जना प्राविधिक जनशक्ति परिचालन गर्दा लाग्ने निर्वाह भत्ताका लागि नेपाल सरकार मार्फत सशर्त अनुदानको रुपमा रु. ३ करोड २४ लाख १२ हजार प्राप्त भएको जानकारी गराउन चाहन्छु। सामाजिक विकास मन्त्रालयबाट प्रस्तावित योजना तथा कार्यक्रमहरुका लागि जुन एकमुष्ट बजेट आयो भन्ने जुन माननीय सदस्यज्यूहरुको जिज्ञासा थियो। त्यसको सन्दर्भमा अहिले नै आवश्यकता एकिन गर्न नसकेका योजनाहरु तथा कार्यक्रमहरुका लागि हामीले एकमुष्ट बजेट राखेको जानकारी गराउन चाहन्छु। गण्डकी प्रदेशमा जुन २ वर्षभित्र साक्षर प्रदेश बनाउने गण्डकी प्रदेश सरकारको उद्घोष छ त्यसलाई पूरा गर्नको निम्ति हामीले प्रौढ साक्षरता कक्षा निरन्तर शिक्षा कार्यक्रम तथा प्रविधि साक्षरता कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरिने कुरा सम्मानित सदनमा म जानकारी गराउन चाहन्छु। सँगै माननीय सदस्यज्यूहरुले सामाजिक विकास मन्त्रालयको कार्यक्रम धेरै तालिम भयो, तालिम शीर्षकमा धेरै बजेट विनियोजन भएको कुरा प्रश्नको रुपमा उठाउनुभएको थियो त्यसैले म यसमा थप प्रष्ट पार्नको निम्ति पार्न चाहन्छु। सामाजिक विकास मन्त्रालयमा श्रम तथा रोजगार , सामाजिक विकास, स्वास्थ्य शिक्षा जस्ता समाज विकासका अत्यन्तै महत्त्वपूर्ण क्षेत्र रहेको र यस क्षेत्रलाई सबल र सक्षम नबनाउँदा सम्म प्रदेशको एकीकृत विकास सम्भव छैन त्यसैले प्रदेशका नागरिकहरुलाई अनुशासित, सिपयुक्त, क्षमतावान्, विद्वान, दक्ष, स्वस्थ तथा सक्षम बनाउदै लैजानको लागि तत् सम्बन्धी समयानुकुल

विभिन्न प्रकारका ज्ञान, सिप, धारणा र प्रवृत्तिमा सुधार हुने खालका तालिम गोष्ठी तथा अनुसन्धानमूलक कार्यक्रमहरुको सञ्चालन गर्नुपर्ने भएकोले सोही प्रकृतिका कार्यक्रमहरु प्रस्ताव गरिएको व्यहोरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। एम.बि.बि.एस.मा भर्ना हुने दलित, गरिब तथा अल्पसंख्यकलाई के कसरी बजेट दिइन्छ भन्ने प्रश्न यहाँ आएको थियो त्यसैले हामीले कार्यविधिले तय गरेका मापदण्डका आधारमा एम. बि. बि. एस. मा भर्ना हुने दलित गरिब तथा अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई विनियोजित बजेटको सिमाभित्र रही प्रस्तावित बजेटको रकम छात्रवृत्तिको रुपमा उपलब्ध गराइने कुरा सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। विद्यालय भर्ना भई बिचैमा स्कूल छोड्ने विद्यार्थीहरुलाई नियमित पठनपाठनमा संलग्न गराउनको लागि कक्षाकोठा संलग्न गराउने सामाजिक विकास मन्त्रालयसँग के योजना छ भन्ने जुन प्रश्न माननीय सदस्यज्यूहरुले राख्नुभएको थियो त्यसैले सामाजिक विकास मन्त्रालयले कक्षाकोठाको व्यवस्थापन, आदर्श विद्यालय, नमूना आवासीय विद्यालय तथा विशेष विद्यालयको सञ्चालन प्रारम्भिक बाल कक्षा बाल विकास केन्द्रको सुधार गरिब तथा असहाय विद्यार्थीहरुलाई सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरी उक्त समस्यालाई न्यूनीकरण गर्दै लैजाने कुरा म जानकारी गराउन चाहन्छु। भिमाद रङ्गशालालाई शुक्लागण्डकी ठेगाना फरक आएको कुरा जानकारी माननीय सदस्यहरुले गराउनुभएको थियो। यो नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त भएको बजेट हो। फरक परेको ठेगाना सच्याउनको लागि मन्त्रालयबाट लेखि पठाउने जानकारी गराउन चाहन्छु। हामीले विश्वविद्यालय बनाउने कुरा प्राविधिक महाविद्यालय बनाउने कुरा अस्पताल र खेल मैदानहरु बनाउने जग्गाका कुराहरु सम्मानित सदनमा उठेका थिए त्यसैले बेलचौतारा लगायतका जग्गाहरु प्रदेश सरकारले आप्ना विभिन्न योजनाहरु सञ्चालन गर्न आवश्यक पर्ने जग्गा प्राप्तिका लागि नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नपर्ने भएकोले सो सम्बन्धमा प्रदेश सरकारबाट निर्णय भई नेपाल सरकारमा पठाइसकिएको जानकारी सम्मानित सदनलाई गराउन चाहन्छु। एकल महिला संरक्षण कार्यक्रम कसरी चलाउनुहुन्छ भनेर माननीय सदस्यज्यूहरुबाट प्रश्न आएको थियो त्यसैले हामीले एकल महिलाहरु मध्ये

पनि अति विपन्न महिलाहरुलाई छनौट गरिकन उहाँहरुलाई तालिम उहाँहरुको आवश्यकतामा आधारित तालिम दिएर उद्यममा जोड्ने यो एकल महिला संरक्षण कार्यक्रमको ध्येय रहेको कुरा यहाँहरुको विचमा जानकारी गराउँदै सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेर माननीय सदस्यहरुले जुन खालको जिज्ञासा व्यक्त गर्नुभएको छ जुन सुझाव पेश गर्नुभएको छ सबै जिज्ञासा र सुझाव पेश गर्ने माननीय सदस्यहरुलाई म धैरै धैरै धन्यबाद दिँदै यहाँहरुको सुझाव जिज्ञासालाई सामाजिक विकास मन्त्रालयको कार्यक्रमभित्र राखेर परिणाममुखी कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै मैले आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको छलफलमा, विनियोजन विधेयक, २०७६ अन्तर्गत, भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहानुहुने सम्पूर्ण माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य श्री धनञ्जय दबाडीलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, विनियोजन विधेयक २०७६ को छलफलको क्रममा भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विषयहरुमा आफ्ना भनाइहरु राख्नका लागि अनुमति चाहन्छु। सभामुख महोदय, हामी राज्यको पुर्नसंरचनापछि जुन खालको अभ्यास गरिरहेका छौँ त्यो अभ्यासले हामी सबैको भित्र एउटा चुनौती सँगसँगै अगाडि सारेको छ। हाम्रा प्रतिवद्धतालाई संविधानमा उल्लेख गरेका हाम्रा मौलिक हकहरुलाई पूरा गर्ने दायित्वका विच उभिएका छौँ। खाद्यको सुरक्षा खाद्यको प्रत्याभूति गर्नुपर्ने दायित्वसँग हामी जोडिन्छौँ। खाद्यान हाम्रो दैनिक जीवनसँग जोडिने भएका कारणले कृषि हाम्रो जीवन पद्धति हो। यो

देशको राष्ट्रिय जनसंख्याको ६० प्रतिशत जनसंख्या अहिले पनि कृषिमा छ कृषि पेशामा संलग्न छ र नेक्सनल जिडिपिको ३० प्रतिशत हिस्सा अहिले पनि कृषिले ओगट्छ। यसकारणले सरकारले यो क्षेत्रमा गर्ने लगानी भविष्यमा बनाउने योजना र यसले दिने प्रतिफलका आधारमा अहिले हाम्रो मुलुकको अर्थतन्त्र निर्माण गर्न सक्ने अर्थतन्त्र निर्माण गर्ने दायित्वमा भएका कारणले कृषिलाई यान्त्रिकीकरण गर्नु कृषिलाई व्यवसायिकीकरण गर्नु अहिलेको हाम्रो दायित्व हो। यसकै आधारमा रहेर यो बजेटमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा बजेटको व्यवस्थापन भएको छ। त्यो बजेटले आगामी दिनमा भोकमरीको अन्त्य गर्ने कुरा, खाद्यान सुरक्षित गर्ने कुरा, खाद्यान सुरक्षण गर्ने कुरा पोषण पुऱ्याउने, उन्नत पोषण पुऱ्याउने कुरा दिगो कृषि प्रवर्धन गर्ने कुरामा चाहि सहयोग पुऱ्याउने छ। यदि अहिलेको अवस्थाबाट हामी गुज्रियौ भने हामी सन् २०३० सम्म हामीले दिगो विकास लक्ष्य पूरा गर्नुपर्ने हुन्छ। दिगो विकास लक्ष्य लिई तोकेका उद्धेश्यहरुमा लक्ष्यहरुमा दोश्रो नम्वरको लक्ष्य चाहि कृषिसँग सम्बन्धित छ पोषणसँग सम्बन्धित छ स्वास्थ्यसँग सम्बन्धित छ। यो लक्ष्यलाई पूरा गर्नका लागि अरु धैरै स साना गतिविधि गर्नुपर्ने जरुरी छ। यसकारणले गर्दा स- साना सिचाईहरु साना कृषि फर्म ठूला ठूला मोडल फर्महरु सहकारी खेती र सहकारी कै माध्यमबाट उत्पादन र वितरणका निम्ति र बजेटको व्यवस्थापन गरेर यो मन्त्रालयले जुन ढङ्गले बजेट ल्याएको छ यसले आगामी दिनमा हाम्रो प्रदेशको अर्थतन्त्रमा बढोत्तरी हुनेछ। यसले हाम्रो आर्थिक विकासमा सहयोग गर्नेछ भन्ने ठान्दछु । मुख्य कुरा कृषिमा उत्पादकत्वको वृद्धि हो।उत्पादकत्वको वृद्धिमा त हामीले पहिले दुनियाँमा भइरहेका अध्ययन अनुसन्धानका आधारमा हाम्रो जलवायुमा उपयुक्त हुने उपयुक्त हुने बिऊ उपयोगी हुने प्रविधिलाई भित्राएर त्यसमा लाग्ने जनशक्ति र लागतलाई घटाउने उत्पादनलाई दोब्बर बनाउने ध्ययेका साथ समर्पित भएर हामीले यी कामहरु गर्नुपर्छ। यसका निमित्त आगामी दिनमा पनि कृषि मन्त्रालयले योजना निर्माण गर्दा प्रविधिको चयन गर्दा प्राविधिकहरुको चयन गर्दा चाहि त्यो क्षेत्रमा आफूलाई ध्यान पुऱ्याउने छ भन्ने

विश्वास व्यक्त गर्न चाहन्छु। भोकमरीको अन्त्य गर्ने कुरा हाम्रो त्यो सबैभन्दा चुनौतीको कुरा हो र यो काम हामीले खाद्यानको आत्मनिर्भरता नबढाए सम्म प्राप्त गर्न सक्दैनौँ। खाद्यानको आत्मनिर्भरताको निमित्त नेपालमा हामी यतिबेला चाहि आयातको प्रतिस्थापन गरेर मात्रै यो काममा अगाडि जान सक्छौँ भन्ने ठान्दछु। कृषिमा जे जति कुरा आयात गरियाछ जे चिज हामीमा उत्पादन सम्भावना छ ती यही उत्पादन गरेर आइरहेको आयात भइरहेको कुरालाई प्रतिस्थापित गरियो भने ठूलो धनराशि ठुलो विदेशी मुद्रा चाहि विदेशिनेबाट हामी जोगाउनेछौँ। बिदेशिनेबाट जोगाउने कुराले हामीकहाँ रोजगारीको श्रृजना गर्दछ। त्यो रोजगारीको श्रृजना सँगसँगै कृषिलाई हामी औद्योगिक क्षेत्रतर्फ लान सक्छौँ। अहिले हामीले ध्यान अलि बेशी केन्द्रित गर्नुपर्ने विकासका आधार खोज्नुपर्ने चाहि उद्योग पनि हो। उद्योग त्यस्तो उद्योग हो जो बहुउद्धेश्यीय प्रणालीसँग जोडिएको छ। कृषि प्रणालीसँग जोडिएका विषयहरुलाई स साना उद्योगहरुलाई स्थापना गर्ने र त्यहाँ रोजगारी श्रृजना गर्दै हामीले हाम्रा सामानलाई विदेशमा निर्यात गर्न सक्यौँ भने सम्भवत हामी धेरै कुरा प्राप्त गर्छौं। विदेशी मुद्रा आर्जन गर्छौं यही रोजगारी श्रृजना गर्छौं र बजार पनि निर्धारण गर्न सक्छौँ। यो अबसरका ठाउँमा चाहि हामी उभिएका छौँ। सामान्य उदाहरणका निमित्त भन्ने हो भने बजेटमा व्यवस्थापन गरिएको बजेटका हिसावले अदुवाका निमित्त अलैचीका निमित्त जुन बजेट व्यवस्थापन गरियाछ कफीका निमित्त बजेट व्यवस्थापन गर्‍याछ त्यसलाई राम्रोसँग प्रशोधन गरेर हामीले विदेश पठाउन सक्यौँ भने त्यहाँबाट आम्दानी सुरुवात हुन्छ। बजेटमा व्यवस्थापन गरियाछ मुस्ताङ्गमा मनाङमा गोरखाको माथिल्लो चुमढुङ्गी आदिमा स्याउ उत्पादन गर्छौं। स्याउ लगाउनका निमित्त

जुन प्रस्ताव गऱ्याछौँ अत्यन्त प्रशंसनीय छ। किनभने हामी परम्परागत स्याउ खेतीको प्रणालीमा हुँदा पनि मुस्ताङ्गका स्याउले हामी पोखराका बजारमा त्यो स्याउ प्राप्त गर्थ्यौँ । नेपालको बजारमा त्यसले एउटा हिस्सा ओगटेको थियो। अहिले पछिल्लो पटक मनाङ्गमा गरिएको मनाङ एग्रोमा जुन स्याउको प्रवर्धन गरिएको छ त्यो स्याउलाई गोरखामा मुस्ताङ्गमा हामीले अलि ठूलो स्केलमा लगानी गर्न सक्यौँ भने २ वर्षभित्रै गण्डकी प्रदेश स्याउ निर्यात गर्ने प्रदेशका हिसावले छिटै स्थापित हुनेछ। यो हामी सबैका निमित्त गौरवको कुरा हुनेछ त्यसकारणले ठूलो हिस्सा यतातर्फ लगानी गरिँदा। अलैची अहिले हामी नगदेबालीमा स्थापित आइरहेको छ। त्यसलाई लगानी गरेर अदुवा र बेसारको क्षेत्रमा लगानी गरेर अगाडि जान सक्छौँ जसका निमित्त बजेट व्यवस्थापन भएको छ। यसको सही ढङ्गले कार्यान्वयन गर्न सक्यौँ भने हामीले एक वटा सफलता प्राप्त गर्न सक्छौँ। अर्को कुरा चाहि कोल्ड स्टोरको प्रस्ताव गरिएको छ मुस्ताङ्ग, मनाङ, म्याग्दी, पर्वत, नवलपुर, तनहुँ जहाँ कृषिका धेरै चिजहरु उत्पादनको सम्भावना हुन्छन्। तत् ठाउँमा कोल्ड स्टोरमा राखेर बजारीकरण गर्न सकियो भने किसानले सोझै प्रतिफल प्राप्त गर्न सक्छ। उत्पादन गरेर बजारमा लैजान सक्ने स्थिति हुन्छ। यसका साथसाथै कोल्डस्टोरमा मात्र होइन अलि स-सानो पूजीमा लगानी गरेर सरकार र निजी क्षेत्रको पनि सहकार्य गरेर कोल्डरुमहरु बनाउन सकिन्छ। थोरै पैसामा बनाउन सकिन्छ। थोरै पैसामा लगानी गर्न सकिन्छ। त्यहाँ स -साना किसानहरुले आफ्ना उत्पादनहरुलाई स्टोरेज गर्न सक्छन् र उपयुक्त बजारमा बेच्न सक्छन्। यो काम गर्ने कामका निमित्त मन्त्रालयले ध्यान पुऱ्याउनुपर्छ उसले आफ्नो योजनामा लैजानुपर्छ। हामीले यस्तो काम गरेनौँ भने हामीले यो कामलाई अहिल्यै प्रारम्भ गरेनौँ

अहिले नै पूरा गरेनौँ भने चाहि हाम्रो जुन लक्ष्य छ २०३० साल सम्म संमृद्ध मुलुक बनाउने हाम्रो जुन लक्ष्य छ संवृद्ध नेपाल बनाउने यसका निमित्त हामी पछि पर्ने छौँ। यसकारणले यो पछि नपर्नका लागि  यी कामहरु हामीले सहज ढङ्गले अगाडि बढाउनुपर्दछ। उत्पादनका निमित्त केही समस्याहरु छन् त्यसकारणले बजेटमा मन्त्रालयले राम्रै प्रस्ताव गरेको छ। करार खेती गर्नका निमित्त पनि व्यवस्थापन गर्छु भन्याछ। मूल्य श्रृखलामा आधारित परियोजनाहरु पारित गर्‍याछ। जुन सोझै किसानसँग जोडिन्छ। यति मात्र नभएर जमिनको भूमिको चक्लाबन्दी गर्ने भूमि लिजमा लिने व्यवस्था पनि यो मन्त्रालयले गर्न जरुरी छ। त्यो कानून तत्काल ड्राफ्ट गरेर चाहि संसदमा आओस् भन्न पनि चाहन्छु। कि जो जमिन मालिक छन् जो जमिन बेच्न चाहँदैनन् जो जग्गा जमिन बाँझै छन् भने स्थानीय सरकार मार्फत् त्यो जमिन लिजमा लिने र काम गर्ने किसानहरुलाई त्यो जमिन हस्तान्तरण गर्ने उत्पादन कायम गर्ने गरी कानूनको व्यवस्था गरियो भने जग्गा धनी मालिकले पनि के ठान्छ आफ्नो जग्गा सुरक्षित ठान्छ किसानले पनि त्यो जग्गा करारमा लिएका कारणले आफ्नै ठान्छ त्यहाँ उत्पादन वृद्धि हुन्छ। उत्पादनका काम कानून निर्माण गर्ने पाटोमा पनि मन्त्रालयको ध्यान पुगोस् भनेर पनि म आग्रह गर्न चाहन्छु। पशुको क्षेत्रमा मासु उत्पादनको कुरा दुध उत्पादनका कुरा हाम्रा निमित्त अलि चुनौतीका कुरा पनि छन्। यी कुराहरु पुरा नगरेर सुख छैन किनभने हामीले संविधानमा भन्यौँ हामी सबैले हामी समाजबाद उन्मुख बाटो हिँड्छौँ। समाजबाद उन्मुखको बाटो चाहि उत्पादन नगरीकन जान सकिँदैन। बिना उत्पादन बितरण पनि गर्न सकिन्छ र सकिदैन नि। त्यसकारणले उत्पादन बढाउनका लागि ठूला  ठूला पशु फर्महरु निर्माण गर्न जरुरी छ। त्यस्ता

पशुपालनमा हामी ध्यान केन्द्रित गरौँ जसको लागि हामी दुध पनि लिन सकौला मासु पनि त्यसको प्रवर्धन गर्न सकौला। त्यहीबाट उत्पादित भएका कुनै कुरा खेर नजाओस् भन्ने ध्येयका साथ लाग्न सक्यौँ भने त्यसमा धेरै मात्रामा विदेशी मुद्रालाई रोक्न सकिन्छ भन्ने ठान्दछु। हामीले भैसी पालनमा ध्यान दियौ भने माथिल्लो घाँसे मैदानमा घाँसको विकास गर्न सक्यौँ पोसिलो घाँसको भने पछिल्लो घाँसको हिजोका घुम्ती गोठ जसरी चलाइएको थियो अलि वैज्ञानिक ढङ्गले गोठहरुलाई सुधार गर्नको लागि तत्काल विदेसिएको युवा जनशक्ति चाहि यही बसेर काममा लाग्न सक्छ। बास्तवमा कृषिमा बिमा स्वास्थ्यमा बिमाको ब्यबस्थापन गर्‍यौँ भने किसानहरु यतातर्फ लगानी गर्न आकर्षित हुन सक्छन्। बैकहरुले गरिरहेको लगानीका बारे मन्त्रालयले अहिले सस्तो ब्याजदरमा जुन लगानी लगाइराखिएको छ त्यो चाहि ठूला देखाउनका लागि फर्महरु देखाएर त्यो लगानीलाई अन्यत्रै डाइभर्ट भइराछ कि भन्ने कुरा चाहि मन्त्रालयले ख्याल गर्नुपर्छ किनभने त्यो सोझै कृषि पेशामै लगानी होस्। किसानकोमा नै पुगोस्। किसानले त्यसलाई अगाडि बढाउन सहयोग पुगोस् भन्ने ढङ्गले ध्यान दिन सक्यौँ भने हामी मासुमा , दुधमा आत्मनिर्भर बन्न सक्यौँ भने आयातलाई प्रतिस्थापन गर्न सक्छौँ। न्यूनतम सामान्य एउटा कुरा भन्छु मैले एउटा परिवारमा दिनमा २ वटा प्याज उपभोग हुन्छ भने एक वर्षमा चाहिनका निमित्त एउटा परिवारलाई सामान्यतः १०० वटा प्याज मात्र चाहिदो रहेछ। स्थानीय तहमा वडालाई कार्यपालिकालाई परिचालन गरेर प्याज उत्पादनको अभियान गर्‍यौँ भने सम्भवतः हामी प्याजलाई प्रतिस्थापन गर्‍छौँ होला तर तथ्याङ्क अलि फरक छ। हामीले धनियाँ रुसबाट ल्याउछौँ। प्याज र लसुन चिनबाट ल्याउँछौँ। मुला बहराइनबाट ल्याउँछौँ। यस्तो दर्दनाक

अवस्थामा छौँ भने हाम्रो ध्यान चाहि कृषिको जमिनलाई बाँझो नराखिकन उत्पादन बढाउने कुरामा केन्द्रित गर्नुपर्छ जहाँ प्रविधिको पनि प्रयोग गरेर सिपको पनि प्रयोग गर्न सकिन्छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु मेरो धारणा राख्न चाहन्छु। अर्को कुरा चाहि हामीले अहिले सम्म जुन खालको खेती प्रणालीमा गयौँ हामीले जुन खालका योजनाहरु बनाएका छौँ त्यो योजनाको आधारमा धेरै मान्छे कृषिमा संलग्न हुनुपर्ने थोरै उत्पादन हुने त्यसले जमिनको उत्पादकत्वको लागि हामीले के कुरामा ध्यान दिन ( माननीय सभामुखः माननीय सदस्य समय सकियो ) पऱ्यो भने बहुवर्षिय खेती प्रणालीमा ध्यान दिन जरुरी हुन्छ। यो कामका निमित्त कलेज र विश्वविद्यालयको ज्ञानलाई किसानको खेतबारी सम्म ल्याउने काम गर्नका लागि मुख्यमन्त्री वातावरण जलवायुमैत्री कृषि गाउँको दृष्टिकोण जुन अघिल्लो वर्षबाट प्रदेश सरकारले अगाडि सारेको छ यसमा चाहि विश्वविद्यालय र कलेजको सिप र ज्ञान भएका प्रविधिहरुलाई ( माननीय सभामुखः माननीय सदस्य समय सकियो ) किसानको घरदैलोमा ल्याउने गरेर कामलाई अगाडि बढाउनुहोस् भन्दै यो बजेटलाई मन्त्रालयले ल्याएको योजनाहरुलाई समर्थन गर्न चाहन्छु। र जुन बजेट चाहि फछ्र्यौट छ कृषिमा त्यो चाहि अलि कम भाछ यसलाई बढाउन सके राम्रो हुन्थ्यो भन्ने सुझाव राख्न चाहन्छु। धन्यबाद। नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुख महोदय, आज हामी २०७६/ ०७७ को भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत दफावार छलफलमा गइराखेका छौँ र माननीय सभामुखज्यू आज यो कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि पशु सम्बन्धी धेरै बुँदाहरुमा धेरै कुराहरु व्यवस्था गरिएको पाइएको छ र यसमा पनि केही जिल्लाहरुमा जिल्लावाइज कार्यक्रमहरु पनि राखिएको छ र विगतको वर्षहरुमा यो चाहि बास्केटबल फर्ममा हो यो चाहि बाँडफाँड गरिएको थिएन भन्ने थियो अहिले चाहि कुन कुन ठाउँमा यो के के गर्ने जस्तो तनहुँको बन्दीपुरमा रेसमी खेती गर्ने नश्ल सुधारको कुराहरु र बयल बाख्राको कुराहरु छ त्यहाँ उल्लेख गरिएको छ। तर त्यहाँ बजेटको पनि व्यवस्था छ त्यो बजेट चाहि त्यो बजेट व्यवस्था गर्नु स्थानको पनि निर्धारण गर्नु यो चाहि राम्रै छ तर यो सहकारी अन्तर्गत गर्ने कुनै चाहि सहकारी मार्फत गर्ने र व्यक्तिगत नमूना कृषि फर्मको कुराहरु छ र यसमा केरा खेती, प्लाष्टिक प्लान्टेसन, त्यसपछि विषादीको सचेतना, मौरी पालन, मौरी चरन, क्यूबू बगैचा, रेसमी खेती लगायत यहाँ विभिन्न कुराहरु छन्। कोल्डस्टोरको कुराहरु त्यसलाई चाहि यो बजेटको व्यवस्था गर्दाखेरि अब यो कत्तिको त्यो आवश्यकता पुग्ने नपुग्ने के हो त्यो त ठीकै छ। अब त्यसलाई अलि बढी अध्यनन गर्नपर्ने हो कि जस्तो मलाई लागेको छ। यो कनिका छराइ हुने हो कि फेरि यसले कत्तिको रुप लिने कि नलिने हो भन्ने कुराहरु चाहि यसमा छन्। यसलाई सरसर्ती हेर्दाखेरि कि अहिले राम्रै देखिन्छ। मलाई लाग्छ यसको कार्यान्वयन पक्ष पनि राम्रो हुन्छ होला। यो के भने अस्ति पनि हामीले सामाजिक मन्त्रालय अन्तर्गत दफावार छलफलमा भाग लियौँ आज पनि लियौँ। यो चाहि सफ्टवेयरको पार्ट भएकै कारणले गर्दाखेरि यो उत्तिखेरै आउटपुट नआउने जस्तो बाटो र पुल जस्तो नदेखिने भएको कारणले अझ संवेदनशील अझ सेन्सेटिभ भएर लाग्नुपर्ने हुन्छ भन्ने मेरो अनुरोध हो। माननीय सभामुख महोदय, यसमा मोडल कृषि फर्मको कुराहरु छ र खोर निर्माण गर्ने र त्यो बाख्रा पकेट क्षेत्र कुखुरा बंङ्गुरको पकेट क्षेत्र र स्थानीय कुखुराको पकेट क्षेत्र भनी पनि यसमा उल्लेख गरिएको छ। यी कुराहरुलाई हामीले अझै व्यवस्थित गर्नपर्छ किनभने यो हामीले देख्न त देखेको छ भनिएको पनि छ । यसको कार्यान्वयन पक्ष के हुन्छ गत वर्षको जस्तो तितो अनुभव चाहि हामीले ब्यहोर्न नपरोस्। गत वर्ष हामीले चाहि यो बजेट यो

मन्त्रालयको बजेट बाँडेको छैन बाँडफाँड गरेको छैन। सबै माननीय सदस्यहरुको चाहना र आवश्यकतालाई हेरेर चाहि यो बाँडफाँड हुनेछ भन्ने कुरा यो रोष्टमबाट मन्त्रीज्यूबाट भएको थियो। तर चाहि यो कत्तिको  चाहि पुग्यो पुगेन भन्ने कुराहरु मलाई लाग्छ। हामी अर्थ तथा विकास समितिमा पनि मन्त्रीज्यूसित ३/३ पटक बैठकमा बस्दा मैले उहाँलाई मेरो तर्फबाट राम्रो कुरा कहिल्यै पनि सुनाउन पाइनँ। यो मुख्यमन्त्री नमूना कृषि वातवारणमैत्री होस् अथवा यो मोडेल कृषि फर्म होस् यसलाई चाहि यसले चाहि तितो अनुभव ल्याएको छ यसले मिठो ल्याएको छैन भन्ने कुरा मैले पटक पटक त्यहाँ राखेको थिएँ। किनभने यो कार्यविधिले सुधार्ने कुरा पनि उहाँहरुले प्रतिवद्धता गर्नुभएको थियो। मलाई विश्वास छ यो वर्ष २०७६/०७७ मा पक्कै पनि  पनि यो कार्यविधि सुधारेर आउनेछ भन्ने कुरा। सबैभन्दा हामी सबैले चर्चामा आएको र हामी सबैले अनुभव गरेको कुरा र कार्यविधिमा ४५ वर्ष राखेको छ। जब मान्छे ३० वर्ष ४० वर्षबाट सुरु गर्‍यो अब बल्ल मेरो फर्मले चाहि अब यसले व्यवस्थित भएर स्टाबलिस् भयो यो जान्छ होला है यसले रुप लिन्छ होला फर्किन्छ होला भन्ने बेलामा उमेरको हदबन्दी लाग्यो। जो राम्रो छ त्यसले चाहि उमेरको हदबन्दी लागेर हामीले चाहि साइन गर्न सकेन र अनुदान दिन सकेन। जुन चाहि  भर्खरै व्यवस्थित गर्न  लागेको छ त्यसलाई अनुदानको व्ववस्था अथवा सफल कृषकभित्र पर्‍यो। त्यो हुँदाखेरि के हुँदोरैछ भने जो कृषि पेशामा मरेर मेटेर लागेको छ मेरो जीवन कृषिमै बिताउँछु भन्ने मान्छेहरुको चाहि मन मरेर जाँदोरैछ र उहाँहरुको जाँगर र उत्साह हराउँदोरहेछ। त्यसैले यो कुराहरुमा चाहि यो कार्यविधिमा यो उमेरको हदबन्दी लगाउन हुँदैन भन्ने मेरो यहाँ अनुरोध छ र यो सँगसँगै अब यहाँ भन्नपर्दाखेरि यसमा अब हामीले यो हाम्रो देशमा चाहि ६० परसेन्ट चाहि खेतीयोग्य जग्गाहरु छ र यसमा हामी सबैले हामी कृषिमा निर्भर गर्नुपर्छ बेरोजगारी बिदेसिएको युवालाई ल्याउनुपर्छ भन्ने हामी सबैको जिव्रोमा झुन्डिएको छ। तर यो हिजै गरिएको खेती प्रणाली हिजै गरेको पशुपालन गर्‍यो भने त पक्कै पनि हुँदैन। हाम्रो यो प्रदेश योजनामा पनि त्यही छ। एक रोपनीमा एक वर्षमा एक हजार मात्र आम्दानी हुन्छ। त्यही भएर त्यसरी मान्छेहरु कृषिप्रति कसरी आकर्षित हुन्छ त्यसको लागि हामीले पहिलो नम्वरमा त हामीले यो कृषिलाई चाहि राम्रो गराउनका लागि र युवाहरुलाई विदेश पलायन हुन नदिनका लागि

यसमा विमाको व्यवस्था गरिदिनु पर्‍यो र यसमा अनुदानको पनि व्यवस्था गर्नु पर्‍यो र सँगसँगै खेती गर्दाखेरि यो आधुनिक औजारहरुको पनि हामीले व्यवस्था गरिदिनुपर्ने हुन्छ। म आफैले पनि हेर्न देख्न जाँदा अहिले पनि  म दमौली तनहुँबाट आउँदाखेरि खेतमा अहिले फलामे हलो काठे हलो भन्दा बढी यो ट्याङ्टर हाते ट्याङ्टर र ठूलो ट्याटरले खेत रोपाइ गरिराखेको छ। धान झार्दा पनि मेसिन बाटै झाटिराखेको छ र त्यो भैसकेपछि एउटा के हुँदोरैछ भने हामीले यो दाइँमा हामी आफै पनि किसानी आफैले पनि खेतबारीमा काम गरेर आउँदाखेरि पहिला हामीले दाइँ हाल्ने गोरुको हल गर्ने रोपाइ गर्ने काठे हलोले जोत्ने र अहिलेको यसमा लगानी  चाहि छिटो पनि हुने छरितो पनि हुने लगानी पनि थोरै लाग्ने भएको कारणले गर्दा यो औजारमा चाहि अनुदान दिनपर्छ र यो आधुनिक कृषि प्रणालीतिर हामीले चाहि आकर्षण गराउन पर्छ भन्नै मैले अनुरोध गर्दछु। मैले यहाँ नेपालमा जतिसुकै हामीले यो रोष्टममा कुरा गरे पनि मैले अहिले देखेको बाटोमा हेर्छु म आपूले गरेका कुरा मलाई थाहा छ र मैले अन्य दिनहरु पनि बाटोमा हिँडडुल गर्दाखेरि त्यो खेतबारीमा पुरुषको तुलनामा महिला त्यहाँ खेतबारीमा महिलाले किसान गरिराखेको हुन्छ। भनेपछि त्यो महिलाहरुको लागि किसान गर्दाखेरि पक्कै पनि  दिन त त्यही हो घाम र पानी त तिनै हुन् तर महिला र पुरुषको विचमा भिन्नता छ। पुरुषले ट्याक्टरले  अहिले पनि सकेर गएर शीतलमा बसेको छ। तर रोपाराहरु खेत रोपिराखेको छ। त्यसैगरी धान काट्ने कुरा पनि त्यसै हुँदोरैछ। भकारा फाल्ने कुरा पनि त्यही हुँदोरैछ। मकै छोडाउँदा ती साना झिना मसिना पुरुषले काम नगर्ने महिलाले गर्ने भनेर डालोमा सोलीमा मकै लिएर मकै चाहि महिलाले नै छोडाउँदो रहेछ। मैले हेरेको मैले बुझेको म आफूले पनि गर्दै आएको। त्यसैले अहिले चाहि मकै छोडाउने मेसिन पनि आइसकेको रहेछ घोवा राखेर यसरी छोडाउने भकारा फाल्ने पनि मेसिन एउटा बेल्चा जस्तो छ रहेछ। महिला घोप्टो परेर ढाँड पनि नदुख्ने फाल्न पनि सकिने। त्यस्ता त्यस्ता कुराहरु आइसकेको कारणले गर्दाखेरि खालि किसान गर्ने किसानलाई अनुदान दिने बिमाको कुराहरु धेरै थोरै व्यवस्था गर्नेतिर लम्कन मात्रै हामी सिमित नभइकन हामीले अब यो अहिलेको २१ औ शताब्दीमा छिटोछरितिलो छ। समय थोरैमा धेरै उत्पादन गर्नु छ। विदेश पलायन भएको युवाहरुलाई देशमै रोक्नु छ र हामीले यो संवृद्ध

प्रदेश र सुखी नेपाली बनाउनका लागि अलिकति हामी आधुनिकतातिर पनि लागेर त्यो औजारहरुको सुधार गर्नुपर्छ र औजारमा अनुदान गर्नुपर्छ र यो पशुमा होस् वा  अथवा कृषिमा होस् यसमा चाहि बिमा हुनुपर्छ भन्ने सँगसँगै यसको अनुदानको पनि व्वस्था हुनुपर्छ भन्ने मेरो यहाँ यो ऐतिहासिक प्रदेश सभाबाट सभामुख मार्फत सम्बन्धित मन्त्रालयमा अनुरोध गर्दै बिदा हुन्छु। धन्यबाद। जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय,  विनियोजन विधेयक २०७६ भूमि,  व्यवस्था,  कृषि तथा सहकारी मन्त्रालयको विषयमा हामी छलफल गर्न गइरहेका छौँ। र यसमा म छलफल अगाडि बढाउन गइरहेको छु। यस मन्त्रालयको कार्यक्रमलाई मैले सरर पढ्दा यो तेश्रो अथवा चौथो स्थानमा के छ मलाई त्यति अलि थाहा भएन। यो ६४२ क्रमसंख्यामा यसको एउटा कार्यक्रम रहेछ। एग्रो मनाङ्ग प्रालिलाई स्याउ बारी तारबार अनुदान भनेर यो विनियोजित भएको रहेछ। मलाई लाग्छ यो रकम अलि प्रभावित र अलि ठूलो अनुदान हो कि भन्ने कुरा मलाई लाग्छ। यसका सञ्चालक को हुन् यिनले कुन प्रकारको सञ्चालन गरेका छन् यसले समुदायलाई के कस्तो किसिमको प्रभाव पारेका छन् त्यस्तो  मलाई थाहा छैन। त्यो पनि उल्लेखित भएको भए अझ बढी राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ। यो मन्त्रालयको धेरै बजेटहरु सरर हेर्दाखेरि मैले के अनुभूति गरेको छु भने कुनै बेला गाउँमा विकासका योजनाहरु जान सक्ने स्थितिहरु थिएन। तर खर्च गर्नुपर्ने एउटा बाध्यता आफ्ना परिस्थितिहरु पनि थियो। त्यसैले गर्दाखेरि तत् तत् संस्थाहरुले विभिन्न किसिमको खर्च गर्ने एउटा परिपाटी थियो त्यो बेला। मलाई लाग्छ अहिले त्यो बेला त होइन। तर पनि मन्त्रालय, विभाग, निर्देशनालय, ज्ञानकेन्द्र, केन्द्र, प्रयोगशाला लगायतका आन्तरिक खर्चहरु धेरै भएको यसमा देखिन्छ। के अहिले पनि आन्तरिक व्यवस्थापनमै खर्च गर्ने हो समय हो अथवा गाउँलाई बजेट विनियोजन भएर गाउँमा जाने एउटा खर्च अलि बढी हुनुपर्ने

हो। यो कुरामा पनि यो मन्त्रालय अलि चुकेको छ भन्ने मलाई लाग्दछ। वास्तवमा हामी हाम्रो प्रदेशमा हामी वातावरणको हिसावले र कृषिको हिसावले साह्रै सम्पन्नशाली छौं हामी र यसलाई हामीले राम्रोसँग व्यवस्थापन गर्न सकेनौं भने हामी उही परम्पराबादी हुन सक्छौं। काठको हलोले हामी जोतेर हाम्रो भविष्य सुन्दर बनाउने हामीले जुन लामो समय सम्म हामीले सपना देखेका छौं र अहिले पनि हामीले त्यसलाई परिवर्तन गर्न सकेनौं चेन्ज गर्न सकेनौं विज्ञान र प्रविधिलाई उल्लेखित किसिमले कार्यान्वयन गर्न सकेनौं र उही परम्पराबादी प्रणाली हामीले अपनायौं र त्यही किसिमले हामीले अनुदान दिने र अनुदान दिइसकेपछि त्यसको रिटर्न केही नहुने स्थिति श्रृजना भयो भने वास्तवमा हामीले आफ्नो प्रदेशलाई आफ्नो देशलाई संमृद्धि बनाउन सक्दैनौं यसकारण मैले के अनुरोध गर्न चाहन्छु त भने नगदेबालीको विषयमा फलफूलहरुको विषयमा र पशुपालनको विषयमा हामीले अलि राम्रोसँग अनुसन्धान गरौं कुन क्षेत्रलाई त्यो लगानी लगाउँदाखेरि हामीले एउटा ती बालीहरुको एउटा उदाहरणीय ठाउँहरु देखाउन सकौं र त्यो उदाहरणबाट हामीले हाम्रो प्रदेशलाई धनी बनाउन सकिने हाम्रा स्थितिहरु छन् । कतै हामी यो कुरामा पनि अलि ध्यान दिएनौं कि। हुन त हामीले केही केही दिएका छौं देखिन्छ होइन त्यसले गर्दाखेरि मलाई लाग्छ यसको ठोस वा अध्ययन गरेर यसलाई अलि बढी मनन गरेर जानपर्ने आवश्यकता छ र अहिले पनि मैले यो मन्त्रालयको करिव करिव खर्च प्रतिशत हेर्दाखेरि १४ प्रतिशत यसको खर्च छ। यो साह्रै न्यून खर्च हो र कतै अहिले पनि योजनाहरु हजारौ छान्ने तर खर्च प्रतिशत फेरि १४ प्रतिशत नै पुऱ्याउने हो भने ती योजनाहरु असफल हुने स्थिति त होइनन् ? यो प्रश्न पनि अहिले यहाँ अगाडि आएको छ। र हामीले करिव करिव यस मन्त्रालयबाट एउटा मुख्यमन्त्री वातावरणीय कृषि कार्यक्रम प्राप्त गऱ्यौं। र ६/७ वटा मोडेल फर्महरु प्राप्त गयौं। त्यसकारण मैले के अनुरोध गर्न चाहन्छु त भने ६/७ वटा मोडेल फर्म र एउटा वातावरणमैत्री नमूना फर्म मात्र हामीले हाम्रो निर्वाचन क्षेत्रमा पाउने हो त ? मलाई लाग्छ यो होइन जस्तो लाग्छ । त्यसले गर्दा अलि बेसी योजनाहरु छनौट गरेर ती ठाउँहरुमा पुऱ्याउने कुरामा पनि यो मन्त्रालय विशेष किसिमले लाग्नेछ भन्ने अनुरोध गर्न चाहन्छु। र मैले एउटा मन्त्रालय अन्तिममा एउटा सुझाव के दिन चाहन्छु त भने यो सिचाइ कार्यक्रम

भौतिक मन्त्रालयसँग जोडिएको छ। मलाई लाग्छ यो सिचाई कृषिसँग बढी सम्बन्धित हुन्छ। त्यसकारण त्यो सिचाइको कार्यक्रम यो मन्त्रालयसँग जोडेर जाने हो भने कृषिलाई प्रवधर्न गर्ने कुरामा यसको सकारात्मक सहकार्य भएर अगाडि बढ्न सक्छ र उपलब्धि हुन्छ जस्तो मलाई लाग्छ। यसकारण यो सिचाई कार्यक्रम भौतिकबाट यो मन्त्रालयमा सारियोस् भन्ने एउटा सुझाव दिदै आफ्नो भनाइ यही टुङ्ग्याउँछु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री पुष्पा के.सी. (भण्डारी) लाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय पुष्पा के.सी. भण्डारी

माननीय सभामुख महोदय , विनियोजन विधेयक २०७६ अन्तर्गत भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरु माथि छलफल गर्दा म कृषिमा नै धेरै केन्द्रित छु । सरकारले आगामी ५ वर्षभित्र खाद्यानमा आत्मनिर्भर हुने गरी कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकिकरण र यान्त्रिकरणका कार्यक्रमलाई निरन्तरता दिने भनेको छ। यी ३ शब्द कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकरण र व्यवसायिकरणलाई सार्थक गर्न सकेको अवस्थामा अवश्य पनि हामी खाद्यानमा आत्मनिर्भर हुनेछौँ। त्यतिमात्र नभइ कृषिमा आधुनिकिकरणले कृषि पेसा सम्मानित पनि बन्नेछ भन्ने म ठान्दछु। डोकोमा मल बोकेर खेतमा छर्नु र ट्याक्टरमा मल ओसारेर बारीमा छर्नुमा बेग्लै अनुभूति हुन सक्छ भने समयको बचत र आत्मसम्मानको पनि अभिवृद्धि हुन जान्छ। खेतमा काम गर्दा लगाउने पहिरन र उपयुक्त औजारको प्रयोगले कृषकलाई पेसामा गौरवको पनि अनुभूति दिन्छ। व्यवसायिक कृषिलाई बढावा दिदा युवा बेरोजगारी घट्ने सम्भावना प्रवल छ। किनकि सरकारले बिना ब्याज कृषि ऋण दिने व्यवस्था गरेको छ भने उच्च मूल्यका बारी विशेष प्रोत्साहित पनि गरेको छ। कृषि बिमा र कृषि तथा पशुपन्छीमा लाग्ने रोग दैविए प्रकोप आदिबाट क्षति हुन गए राहात बितरण कार्यक्रम आकस्मिक बाली संरक्षण सेवा पनि  कार्यक्रमको पनि निरन्तरताले कृषकलाई कृषिमा निर्भयतापूर्वक लाग्न हौसला प्रदान गरेको छ। त्यस्तै गरी घुम्ती बाली, बजार शिविर अर्को सकारात्मक पक्ष हो।

सभामुख महोदय, कृषिमा प्रविधि हस्तान्तरण र सचेतना जागृत गर्न तालिम अति नै आवश्यक कुरा हो। बेमौसमी खेती कसरी गर्ने र त्यसले के फाइदा हुन्छ भन्ने बताउन पनि तालिम जरुरी हुन्छ। त्यस्तै हरेक प्रकारका उन्नत बाली तथा पशुपालन गर्न त्यसलाई व्ववसायिकीकरण गर्न उपकरणहरुको प्रयोग गर्न र त्यसलाई स्वीकार गर्न पनि तालिम जरुरी छ। र यहाँ त्यसलाई महत्त्वका साथ हेरिएको छ। यसमा म खुसी प्रकट गर्दछु। जनताले नबुझ्दा सम्म र स्वीकार नगर्दा सम्म कुनै पनि कार्यक्रम सफल हुन सक्दैन भन्ने कुरा लामो समय सम्म किसानका साथमा रहेर काम गरेकी मैले राम्ररी बुझेकी छु। तालिमले ज्ञान दिन्छ, धारणाको विकास गर्दछ र सिपको हस्तान्तरण गर्दछ। जब त्यो हस्तान्तरित सिप किसानको स्वीकारोक्ति सहित कार्यक्षेत्रमा उत्रन्छ तब त्यो तालिम सफल हुन्छ। यसका लागि निरन्तर  फलोअप अनुगमनको  पनि जरुरी हुनेछ भन्ने म ठान्दछु किनकि भात खानु अघि हात धुनुपर्छ र शौच जानुपछि हात धुनुपर्छ भन्ने सम्म सचेतना फैलाउनु पर्ने आफ्नो मुलुकमा तालिम पछि अनुगमनको कति महत्त्व होला बुझ्न सकिन्छ। त्यसैगरी अर्गानिक कृषि उपजलाई कृषि मन्त्रालयले ध्यानमा राखेको छ। शुरुदेखि विषादी प्रयोग नगरी खेती गरिएका जमिनमा उत्पादित वस्तु त अर्गानिकै हुन्छन् तर जुन भूमिमा विगतमा विषादी प्रयोग गरी खेती गरिएका छन् त्यो भूमिमा खेती गर्दा कति वर्ष सम्म त्यो अर्गानिक खेतीमा गणना हुँदैन त्यसका बारेमा पनि किसानहरुले जानकारी राखेको हुनुपर्छ भन्ने मलाई लाग्दछ। त्यस्तै गरी मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना गरी गरिबी निवारण र रोजगारी श्रृजना गर्ने जुन लक्ष्य राखेको छ त्यसलाई जनताले आत्मसाथ गर्ने हिसावले बनाउनु पर्दछ भन्ने म ठान्दछु। जनताले त्यसले सोचेको उद्देश्य सहजै प्राप्त गर्नेछ भन्ने मेरो ठम्माइ छ। त्यसैगरी मागका आधारमा वातावरणमैत्री कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि अनुदान कार्यक्रमले आर्थिक रुपले विपन्न कृषकलाई राहत दिनेछ भन्ने गरिब तथा बिपन्न महिला लक्षित तालिम कार्यक्रममा वस्तुगत सहयोग समेत भन्ने शीर्षकले गरिब तथा बिपन्न महिलाहरुलाई प्रोत्साहित गर्नेछ। कृषिमा योगदानै महिलाको बढी हुने हुनाले उनीहरु दक्ष हुनु भनेको कृषिमा राम्रो प्रतिफल निम्त्याउनु पनि हो। यसमा कृषिमा आवद्ध हरेक महिलालाई समेट्दा पनि हुन्छ भन्ने

मलाई लाग्दछ। कसरी सही प्रवृधि र उपकरणको प्रयोगले उनीहरुको काम सरल बनाउन सकिन्छ र समयको बचत गर्न सकिन्छ भन्ने कुरामा सरकारको ध्यान गएको पनि छ। हालका दिनमा यो अझ बढी जरुरी छ  किनकि समय नै पैसा हो। कृषि मन्त्रालयले केही विशेष बालीहरुमा प्राथिमिकता दिएको पाएँ। जस्तै मौरी पालन, रेसम खेती, त्यसका लागि किम्बु खेती, च्याउ खेती आदि यी निरन्तर चलिरहने बालीहरु हुन्। जसले किसानहरुलाई लागिरहन प्रेरित गर्छ भने नगद आम्दानी गराएर आत्मनिर्भरता तर्फ उन्मूख पनि गराउँछ। गाई भैसीको गोठ सुधार जस्तै बाख्रा, कुखुराको , बङ्गुरको खोर सुधार कार्यक्रम पनि भएको भए अझ राम्रो हुने थियो कि भन्ने मलाई लागेको तर भएर मेरो ध्यान नपुगेको पनि हुन सक्छ। बिऊ, माटो, मल, प्रविधिका क्षेत्रमा तालिम तथा प्रचार प्रसारका क्षेत्रमा मन्त्रालय सजग रही कार्यक्रम राखेको छ। त्यसैगरी कोल्डस्टोर र रैथाने बाली संरक्षण तथा प्रवर्धन मोडल फार्म सञ्चालन कृषि यन्त्र तथा औजार अनुदान आदि मलाई मन परेका कार्यक्रमहरु हुन्। जे जति राम्रा कामहरु र योजनाहरु आए पनि जनताले बुझेन र जनता माझ पुगेन भने त्यसको कुनै औचित्य छैन। त्यसका लागि रेडियो एफ.एम.बाट कृषि कार्यक्रम मार्फत सरकारले दिने सुविधा तरिका र कार्यक्रम बारे जनताले थाहा पाउनु पर्दछ। जनता सुसूचित भए मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ र यो पक्षमा पनि बजेटमा सरकार सजग देखेकै छु। यसरी भन्दै गए पनि म पूरा कार्यक्रमलाई दोहोऱ्यान पनि सकूँला । त्यसकारण समग्रमा के भन्दछु भने यो पाली कृषि मन्त्रालयले कृषकलाई हित हुने गरी सकेको प्रयास गरेको छ। योजनाहरु ल्याएको छ। अब कृषकको पालो छ आफूलाई प्रदेश सरकारले कसरी सम्बोधन गरेको छ के के लाभ लिन सकिन्छ कसरी आफ्नो कृषि पेसालाई अझ आफू मिल्दो कृषि पेसालाई सरकारबाट  प्राप्त सहयोग लिई अगाडि बढाउन सकिन्छ भन्ने बुझेर खोजेर लाभ लिई आत्मनिर्भर किसान बन्दै खाद्यानमा आत्मनिर्भर प्रदेश बनाउने। जाँदाजाँदै एउटा विषय राख्न चाहन्छु । सभामुख महोदय , घरबगैचा कार्यक्रम निति कार्यक्रमको ६५ नं. बुँदामा राखिएको भए पनि बजेटमा त्यसलाई त्यसैगरी समावेश नगरेको जस्तो लाग्यो। जनस्वास्थ्यमा यसको महत्त्वपूर्ण भूमिका छ। सभामुख महोदय, केही वर्ष अघि यसै प्रदेशको एउटा जिल्लाको एउटा गाउँमा पुग्दा घरबारी सुँगुरको चरन  क्षेत्र र आँगनको डिल

शौचालयको रुपमा प्रयोग भएको पाएकी थिएँ। पाहुनाका लागि एउटा साझा शौचालय थियो। जसको तल शौच गर्दा सुँगुरको खोर रहेको हुन्थ्यो। शौच गर्दा गर्दा सुँगुरले भोजन गरिरहेको हुन्थ्यो। मेवा भन्ने फललाई तरकारीको रुपमा प्रयोग गरी भात खान्थे। दाल तरकारीको प्रयोग भएको पाइनँ। हामी अतिथिलाई आफै खाना बनाएर खानुस् भने पनि किन्नका लागि भने दाल, चामल, नुन र हरियो खुर्सानी बाहेक केही थिएन। त्यही दाल भात र हरियो खुर्सानी चोपेर हामीले खाना खाएका थियौं भने त्यो भएको पनि आजै भएको जस्तो लाग्छ। त्यस्तै हालै अर्को जिल्लामा भ्रमण जाँदा यही प्रदेशको आयोजनाहरुले घर आँगनमा पानी पुऱ्याएका छन् तर पनि बारीहरुमा कुखुरा चर्दै थिए। जनचेतनाको अभावमा भए पनि घर गृहस्थी उही ठाउँमा भए पनि फलफूल तरकारी नरोप्ने चलन यद्यपि छँदै छ र चेतना पुगेको ठाउँमा एक वर्ष पहिला पानीको असुविधाले तरकारी केही छैन भनेर दुःख मानेका गाउँलेले लिफ्टिङ्ग प्रविधिबाट पानी गाउँमा पुगेपछि नाङ्लो जत्रो सागको पातहरु फलाएको पनि यही प्रदेशमा देखेकी छु। त्यसैले प्रचार प्रसारमा यो कुरा समावेश गरी घर बगैचा  कार्यक्रमलाई प्रोत्साहन गरिनुपर्छ भन्ने मलाई लाग्दछ। किसानलाई किसान हुँ भनेर चिनिन र खेतबारीमा काम गर्न जाँदा सहज र सुरक्षित रहन त्यस्तै खालको पहिरन र उपकरणहरुको व्यवस्था गर्न सके कृषि पेसा अझ मर्यादित हुने थियो भन्ने मलाई लाग्छ। यो कुरा मैले अगाडि पनि उल्लेख गरिसकेकी छु। जसरी सडकमा काम गर्ने मानिसहरु कर्मचारी, शिक्षक, आर्मी, पुलिस चिनिन्छ त्यसरी किसानहरु पनि चिनियून् ता कि पेसामा पहिचान हुनुहोस् र पेशा मर्यादिता होस् भन्दै सभामुख महोदय मार्फत म कृषि मन्त्रालय र प्रदेश सरकारलाई कृषकलाई हित हुने गरी काम गर्न कार्यक्रमहरु ल्याएकोमा आभार प्रकट गर्दछु। साथै यी कार्यक्रमहरु यथाशीघ्र जनता माझ पुऱ्याउन सकियोस् र कृषकले लाभ लिन सकून् भन्ने शुभकामना व्यक्त गर्दै व्यवसायिक किसानलाई बजारको अभाव नहोस् उत्पादक र उपभोक्ता बीचको दुरी घटोस्, विचौलिया निरुत्साहित होऊन्, कृषक उत्साहित हुन सकून्, यसो गर्न सकियो भने प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले गरिबी प्रतिशतमा घटाउने होइन व्यक्ति व्यक्तिले अनुभूत गर्ने गरी घटाइनेछ भनेर भन्नुभएको वचन पूरा गर्नुपर्छ। यो बजेटमा आफ्नो र दलको पूर्ण समर्थन रहेको जानकारी गराउँदछु, धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री विन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विन्दुकुमार थापा

सभामुख महोदय, आज हामी विनियोजन विधेयक २०७६/०७७ अन्तर्गत भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत छलफलमा जुटेका छौँ। अघिल्लो वर्षको वार्षिक योजनामा मोडल कृषि फर्मलाई नगद अनुदान निकै विवादित रह्यो। यसपालि नगदको सट्टा ब्याजमा अनुदान, कृषि उपकरण, कृषि बिमा, प्राविधिक सहयोग आदिमा जोड दिएको पाइयो यो आफैमा सराहननीय हो। कार्यान्वयन कसरी हुन्छ भेदभाव रहन्छ कि रहँदैन कृषिका कार्यक्रमहरु आवश्यकता र सम्भावना भएका ठाउँमा हुन्छन् कि हुँदैनन्, आफ्ना मान्छेहरुलाई छानीछानीकन सहयोग गरिन्छ कि गरिदैन, भष्टाचारको अवस्था कस्तो हुन्छ त्यो सरकारको आगामी कार्यक्रम, दिशानिर्देश र समयले नै बताउनेछ। अघिल्लो वर्षको एउटा राम्रो र आशा लाग्दो कार्यक्रम मुख्यमन्त्री जलवायुमैत्री कृषि नमूना गाउँ हो जुन ३६ वटै निर्वाचन क्षेत्रमा परेका छन् र केही सकारात्मक दिशा उन्मुख कार्य पनि अगाडि नै बढेको छ। यसलाई बजेटले पनि निरन्तरता दिने कुरा उल्लेख छ तर रातो किताबमा त्यस योजनालाई पर्यटन, रोजगारी, होमस्टे, अर्गानिक कृषि उपज, सङ्कलन, सिचाई तथा सङ्कलन तथा बिक्री केन्द्र स्थानीय रैथाने प्रजातिका उत्पादनमा जोड, शीत भण्डार, उत्पादित वस्तुको बजारीकरण, विचौलियाको प्रवेशमा रोक जस्ता कुराहरुसँग यो बजेटले मुख्यमन्त्री जलवायुमैत्री कृषि नमूना गाउँसँग जोड्न सकेको पाइएन। अतः मुख्यमन्त्री वातावरणमैत्री कृषि  नमूना गाउँलाई प्रदेशको एउटा महत्त्वपूर्ण  गौरवको योजनाको रुपमा लिएर त्यसलाई सफल बनाउने यथेष्ट बजेट र कार्यविधि ल्याउनु आवश्यक छ। सभामुख महोदय, पेज नं १११ को क्रमसंख्या १३७० मा गिद्ध रेष्टुरेन्टको लागि भनेर ७ लाख छुट्याइएको रहेछ। यसले रेष्टुरेन्ट भनेपछि गिद्धको परिकारको लागि हो कि भन्ने बुझिन्छ। अथवा नेपालमा पाइने गिद्ध प्रजातिहरुको संरक्षणको लागि छुट्याइएको हो कि के हो मन्त्रीज्यूले प्रष्ट पार्नुहोला । पेज नं. ६३ को क्रमसंख्या ६५१ मा

स्थानीय तहसँगको सहकार्यमा कृषक, गरिब तथा बिपन्न परिवार भूमिहीन तथा सुकुम्बासीहरुको पहिचानको लागि भनी १ करोड ४४ लाख छुट्याइएको रहेछ। प्रदेशको राजधानी पोखराका मुख्य मुख्य ठाउँहरुमा विशेष गरेर पोखरा महानगरपालिका वडा नं. १६, १७, ११, ८, ९, ४ का प्राय सबै वडाहरुमा सुकुम्बासीहरु अव्यवस्थित रुपमा बसोबास गरी कठिन अवस्थामा जीवन गुजारा गरिराखेका छन्। हामीले उठाउँदै आएको प्रदेश उच्चस्तरीय सुकुम्बासी समस्या समाधान आयोगको गठन यसले गर्न सकेन। यो समस्या टड्कारो रुपमा रहेको छ। सर्वदलीय संरचनामा आधारित आयोग गठन गरी भूमिहीन तथा सुकुम्बासी समस्याको समाधानको उचित व्यवस्थापन गर्न बजेटमा व्यवस्था गर्नुपर्दछ। यसको म र मेरो पार्टी नेपाली काँग्रेशको तर्फबाट फेरि पनि जोडदार रुपमा माग गर्दछु। सभामुख महोदय , कृषिलाई आवश्यकता र सम्भावनाका आधारमा व्यापकीकरण गर्न जरुरी छ। यसलाई विषादीरहित पनि बनाएर आत्मनिर्भर हुन पनि जरुरी छ। यसको लागि सहरी क्षेत्रमा जग्गाको अभाव हुने हुँदा करेसाबारी खेतीलाई प्रोत्साहन दिदै कौसी खेतीलाई पनि सँगसँगै विकास गर्न प्रत्येक घरबाट एक एक जनालाई प्राविधिक तालिम दिने अनि आवश्यक बिउ, बिजन, कम्पोष्ट मल, प्राविधिक सेवा उपलब्ध गराइ घरलाई चाहिने उत्पादन घरमै गर्न सकिन्छ। अतः विनियोजन विधेयक २०७६/०७७ ले सबै सहरी क्षेत्रमा कौसी खेतीलाई पनि प्राथमिकतामा राखोस् यो हाम्रो सभामुख मार्फत सरकारलाई अनुरोध रहेको छ। सभामुख महोदय, अन्तमा गण्डकी प्रदेशले कृषिलाई संवृद्धिको महत्त्वपूर्ण आधारको रुपमा लिएको छ। यसलाई सफलीभूत पार्न कृषिमा आत्मनिर्भर बनाउन निर्वाहमुखी तथा गुजारामुखी खेतीलाई व्यवसायिकीकरण गर्न जरुरी छ। हाल सम्म देखिएको कृषिमा लाग्ने भनेको नपढेको व्यक्ति, विपन्न, दलितको मात्र हो भन्ने परम्परा निधान गरी शिक्षित व्यक्ति पनि यस पेसामा लाग्न सक्छ। सुकिला मुकिला व्यक्ति पनि यसलाई पेशाको रुपमा अवलम्बन गरी स्वरोजगार बन्ने युवा लक्षित ठूलो रोजगारीको सम्भावना श्रृजना गर्न सक्ने उद्योगको रुपमा विकास गर्न प्रदेश सरकारले वातावरण श्रृजना गर्नुपर्छ र यसलाई यथेष्ट बजेटको पनि व्यवस्था गर्न आवश्यक छ। यति भन्दै मेरा आफ्ना भनाइ टुङ्गयाउँछु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रभा कोइरालालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय प्रभा कोइराला

सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम गण्डकी प्रदेशको पेश भइसकेको छ। त्यसैलाई आधार मानेर आज हामी कृषि भूमि सहकारी मन्त्रालयलाई आधार मान्दै जेठ २१ गतेदेखिबाट हामी छलफलका क्रममा छौँ। आज हामी यही विषयमा अगाडि बढिरहेका छौँ। सभामुख महोदय , यस गण्डकी प्रदेश क्षेत्रफलका हिसावले २१ हजार ९७६ पइन्ट ३४ वर्गकिलोमिटरमा छ। र जनसंख्याको कुरा गर्दा २४ लाख ३ हजार ७ सय रहेको छ। जनशक्ति र भूभागको पहिचान गरी गण्डकी प्रदेश सरकारले स्थितिपत्र तयार पारी काम दौडाहाको रुपमा अगाडि बढाउने योजना बनाएको छ। यस प्रदेशभित्र प्राकृतिक, जैविक, सामाजिक, बहुसांस्कृतिक र धार्मिक विविधताले धनी र सम्पन्न प्रदेशको रुपमा चिनिन्छ। यिनै विविधताहरुलाई व्यवस्थित गर्नका लागि भूमि व्यवस्थापन, नक्साङ्कन, समसामयिक विषयमा अन्तर्क्रिया, स्थानीय तहहरुसँगको सहकार्यमा एकीकरण बस्ती विकास कार्यक्रम, जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि अनुदानको व्यवस्था गरेको छ बजेटले । माटो परीक्षण जस्ता कार्यक्रमको लागि बजेट विनियोजन गरेको छ। विभिन्न ज्ञान केन्द्रहरु मार्फत वैज्ञानिक ढङ्गको कृषि कार्यक्रम भित्राउने योजना छन् । कृषिमा आधुनिकिकरणका योजनामा बजेट विनियोजन भएको छ। सभामुख महोदय, कृषि ज्ञान केन्द्र मार्फत किसानहरुको सजिलोको लागि माटो परीक्षण लगायतका विभिन्न मन्त्रालय अन्तर्गत यस मन्त्रालय अन्तर्गत ४७ वटा बुँदामा रहेर भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आफ्ना बुँदाहरु समेटेर कार्यक्रम  योजना बनाएको छ। कृषि विकास निर्देशनालय अन्तर्गत ३३६ वटा बुँदाहरुमा आधारित रहेर बजेट बिनियोजन गरेको छ। र पशुपन्छी तथा मत्स्य विकास भनेर ४१६ विषय वटा विषय समेटेर विभिन्न क्षेत्रमा सिचाई लगायतका रैथाने बाली संरक्षण, मोडल फार्म, कृषि औजार अन्तर्गतका विभिन्न बाली वस्तु सहितको मोडेल फार्म, हाइटेक यन्त्र उपकरण, स्थानीय तहको साझेदारीमा कृषि

बजार प्रशोधन केन्द्र र टिस्यु कल्चर प्रणाली मनाङ्ग, मुस्ताङ्ग, गोरखा लगायतका जिल्लाहरुमा स्याउ बगैचाको सुधारका कार्यक्रम, विभिन्न ठाउँमा कोल्ड रुम व्यवस्थित गरी उत्पादित वस्तुहरु उपज व्यवस्थित अनुदानका कार्यक्रम, स्वच्छ मासु उत्पादन, बाख्राको पकेट फार्म, गाईभैसी पालन, तालिम, भेटेरनरी अस्पताल क्वालिटियुक्त बनाउने गरी बजेट बिनियोजन भएको छ। पशुपालन, मत्स्य पालन, स्वच्छ मासु उत्पादनका लागि फ्रेस हाउस सुधार कार्यक्रम, बधशाला पशुपन्छीका लागि कृत्रिम गर्भाधान, घाँस केन्द्र, गौशाला निर्माण, पोष्टमार्टम कक्षा निर्माँण, पशुजन्य रोग पहिचान गर्ने व्यवस्था गर्नका लागि बजेट व्यवस्था भएको छ। कृषि क्षेत्रका रोगहरुको पहिचान, आकस्मिक सेवा कार्यक्रम आफैमा महत्त्वका छन्। सूचनामूलक होडिङ्गबोर्डहरु विभिन्न विषयहरु समेटेर तालिमका व्यवस्थापनका लागि बजेटिङ्ग भएको छ। पशुपन्छी आकस्मिक दैविक प्रकोपको लागि समेत ध्यान पुऱ्याएर बजेट आएको छ। दुग्ध चिस्यान केन्द्र स्थापना गरी दुध उत्पादन कम हुने जिल्लामा बढी उत्पादन हुने जिल्लाबाट दुध पुऱ्याउनका लागि समेत बजेटको व्यवस्थापन भएको छ। यी सबै कार्यक्रम व्यवस्थित र प्रभावकारी बनाउन रेडियो एफ.एम र कृषि सूचना केन्द्र समेतको व्यवस्थापन गरिएको छ। सभामुख महोदय , ल्याव सञ्चालन , वाटर प्लान्ट , मौरी पालन, च्याउ उत्पादन, कृषि यान्त्रिकीकरणका लागि अनुदानको व्यवस्था छ। प्रयोगशालाका लागि माइक्रोस्कोप खरिद गर्ने प्लान्ट स्कील तथा विषाद सम्बन्धी चेतना कार्यक्रम गर्ने र रेशम खेतीलाई समेत व्यवस्थित गर्न बजेटको विनियोजन गरिएको छ। सभामुख महोदय, मौरी पालन प्रविधि परम्परागत तरिकाको छ। युरोपको अवस्था हेर्दाखेरि हरेक युरोपियनहरुले मौरीलाई वर्षमा ३ महिना मौरीले उत्पादन दिन्छ ९ महिना पाल्न पर्छ भने नेपाल जस्तो देशमा मौरीले ९ महिना उत्पादन दिन्छ र ३ महिना मात्रै हामीले पाल्न पर्छ। यो क्षेत्रलाई बढी महत्त्व दिएर अगाडि बढ्न सक्यौँ भने मौरीको त्यो विविध प्रकारको विविधताले गर्दाखेरि मानवलाई लाग्ने असाध्यै रोगहरुलाई समेत भगाउन सकिने क्षमता रहेको यो मौरी फार्मलाई अझै मोडलका रुपमा विकास गर्नका लागि पनि बजेट अलिकति कम भएको महसुस गरेको छु। बजेट अलिकति बढाउन पर्छ भन्ने मलाई लागेको छ। किनभने अनिकालमा बिउ जोगाउन पर्छ भन्ने उखानलाई मैले

यहाँनेर आएर सम्झौं र  त्यतिमात्र नभइकन सभामुख महोदय, गड्याङ्गगुडुङ्ग आयो काँक्रा/ फर्सी रोपौं भन्ने जनबोलीलाई मात्र ध्यान पुऱ्याउन सक्यौं भने मात्रै पनि कृषि संस्कृतिलाई ग्रामिण पर्यटनसँग जोड्न सकिन्छ र कृषि क्षेत्रको विकासमा टेवा पुग्छ। कृषि पर्यटनलाई होमस्टेमा जोड्ने योजना अबको आवश्यकताभित्र पार्नु पर्छ भन्ने मैले महसुस गरेको छु। सभामुख महोदय, प्रधानमन्त्री कृषि आयोजनाले ठूलो महत्त्व राखेको छ। ठूलो बजेट विनियोजन कृषि क्षेत्रमा भएको हुनाले आशा जागेको छ। सभामुख महोदय, कृषि क्षेत्रलाई तथ्याङ्क सङ्कलन कार्य, बिऊ उत्पादन प्रविधि, आकस्मिक बाली संरक्षण, नमूना फलफूल  बगैचा प्रदर्शन बिऊ उत्पादन प्रशोधन, प्रमाणिकरण, जैविक विषादी प्रदर्शन , नर्सरी तथा श्रोत केन्द्रको व्यवस्थापन कृषि वन प्रणाली प्रवर्धन जस्ता कार्यक्रमहरुमा समेत बजेटको विनियोजन भएको छ र यति हुँदाहुँदै पनि जनसंख्याको ६६ प्रतिशत जनता कृषिमा आधारित छन् भन्ने तथ्याङ्कले भनिरहँदा सरकारले वित्तिय क्षेत्रप्रति ठूलो आशा गरिरहेको परिवेशमै तितै कुरो भन्न पर्छ नेपाल राष्ट्रले बैकहरुलाई उत्पादनमूलक क्षेत्रमा २५ प्रतिशत र कृषि क्षेत्रमा बैकको कूल लागत लगानीको १० प्रतिशत अनिवार्य कृषि क्षेत्रमा लगाउनु पर्ने भनि तोकेकै छ तर पनि बैक तथा वित्तिय क्षेत्रले कृषि क्षेत्रमा कर्जा लगानी गर्न हिचकिचाएको अवस्था छ। जसको परिणाम स्वरुप तोकेको  १० प्रतिशतको आधा अर्थात् ५ प्रतिशत पनि बैकहरुले लगानी गरेको अवस्था छैन। कि जम्मा ४.५ प्रतिशत कृषिमा लगानी छ। सभामुख महोदय मार्फत सरकारमा अनुरोध गर्दछु कि कृषि क्षेत्रको लगानीमा विशेष ध्यान दिन जरुरी छ। कृषि क्षेत्र हाँसो र ठट्टाको विषय होइन। कृषि बिमा मार्फत् कृषक ढुक्क हुन पाउनुपर्छ। एउटा उदाहरणै पेश गर्न मन लाग्यो पहिलो आर्थिक वर्षको ७ महिनाको तथ्याङ्क हेर्दा चामलमा मात्रै १७ अरब २३ करोडको आयात भएको छ। मकैमा ६ अरब १४ करोडको आयात भएको छ। फलफूलमा ३ अरब ३ करोड आयात भएको छ। हामीले आयात प्रतिस्थापन भन्दै गरेका छौ अनि २०३० भित्र १७ वटा गोल प्राप्त गर्ने योजना छ। यी सबै प्राप्तिका लागि कृषिमुखी अभियान ठोस रुपमा आउन जरुरी छ। सभामुख महोदय , सहकारी क्षेत्र सरकारको ३ पिलर मध्येको एक पिलर व्यवस्थित गर्न अझ धैरै विषय जोड्न आवश्यक छ। जनतालाई ग्रामिण क्षेत्रसम्म बितिय पहुँच पुऱ्याउने बलियो खम्बा सहकारी

नै हो किनकि आधारभूत जनता सहकारीसँग पहुँच पुऱ्याउन सकेका छन्। बजेटले जोडेको छ राम्रो सहकारीलाई सञ्चालन गर्नेलाई पुरुस्कार दिने गरिब र बिपन्न अनि महिला लक्षित कार्यक्रमलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन बजेट बिनियोजन गरेको छ। उत्पादन गर्ने सहकारीहरुलाई व्यवसायिक योजना तर्जुमा गर्न समेत एक सहकारी एक उत्पादन र सिमान्तकृत वर्गमा पूर्व सहकारी शिक्षा गठन गर्नका लागि बजेट बिनियोजन भएको छ। वस्तुगत सहयोग समेत गर्न समेत बजेट बिनियोजित छ। यस अर्थमा मन्त्रीज्यूलाई हार्दिक धन्यबाद दिन पनि चाहन्छु र सहकारी ढङ्ग व्यवस्थित ढङ्गले परिचालन गर्नका लागि हामीले सम्मानित सभाबाट विधेयक पास गरिसकेका छौँ। अब नियमावली मुख मुखमा भइरहेको अवस्था छ। सहकारी क्षेत्र ३ पिलर मध्ये एक हो। अबका दिनहरुमा  सहकारी सञ्चालनमा कुनै पनि द्वुविधायुक्त दोहोरो अर्थ लगाउने भाषा शुद्ध र सफा ढङ्गले सञ्चालन गर्न सकिने गरी आउन पर्छ भन्ने मलाई लागिरहेको छ। सजिलो गरी सहकारी सञ्चालन गर्नका लागि सहकारीमा द्वुविधायुक्त शब्दले धेरै अप्ठ्यारो पारिरहेको छ। यो द्वुविधायुक्त शब्दहरु कुनै हालतमा पनि नराख्नको लागि म विनम्रताका साथ अनुरोध गर्न चाहन्छु विशेष गरी मन्त्रीज्यूलाई। सभामुख महोदय, यति भन्दै गर्दा यो बजेटले (माननीय सभामुख माननीय सदस्य समय सकियो ।) धेरै क्षेत्र समेटेको छ। कृषि भनेको नेपालको पहिचान हो। यो क्षेत्र सबै क्षेत्रमा राम्रोसँगले परिमार्जन गर्दै आइरहेको अवस्था पनि छ। र मैले यहाँ धेरै कुराहरु सुनेँको छु। (माननीय सभामुख माननीय सदस्य समय सकियो ।) कनिका बाँडे झै बजेट बाँडिएको छ भनेर धेरै कुराहरु आएका छन्। कनिकाको रुपमा नलिइकन यसलाई ठोसै रुपमा लिइदिनका लागि पनि म सम्बन्धित र तत् तत् सम्बन्धित व्यक्तित्वहरुलाई अनुरोध गर्दै मेरो दल र मेरो आफ्नो व्यक्तिगत तर्फबाट यो कार्यक्रमलाई यो बजेटको कार्यक्रमलाई हार्दिकतापूर्वक समर्थन गर्ने अनुमति चाहन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय डोबाटे विश्वकर्मा

माननीय सभामुखज्यू, हामी आज भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बजेटको सम्बन्धमा छलफल गरिरहेका छौँ। त्यो सन्दर्भमा म पहिला केही कुराहरु राख्न चाहन्छु। वास्तवमा हामीले आगामी वर्षको लक्ष्य र कार्यक्रमलाई निर्धारण गर्दा विगतलाई पनि सम्झना गरेर कार्यक्रम गरायो भने राम्रो हुन्छ भन्ने मलाई लाग्दछ। विशेष गरेर गत वर्षका कार्यक्रमहरु र हाम्रो स्वीकृत कार्यक्रमहरु हामीले जसरी चाहि बजेट विनियोजन गरेर हामीले कृषकलाई लगानी गर्‍यौँ त्यस्को अवस्था के छ भन्ने कुराहरु त्यसको अनुगमनको अवस्था के छ भन्ने कुरालाई हामीले मूल्याङ्कन गर्नुपर्छ भन्ने मलाई लाग्छ। निश्चय पनि गत वर्षका हाम्रा कृषिका कार्यक्रमहरु केही विवादित रहे भने केही कार्यविधिमा त्रुटि रहे त्यसले गर्दाखेरिमा आगामी वर्ष कसरी जाने भन्ने विषयलाई पनि हामीले त्यसको समीक्षा र मूल्याङ्कन गर्नुपर्छ र त्यसको अनुगमनको पाटो के भएको छ त्यस्को पनि हामीले समीक्षा गर्नुपर्छ भन्ने मलाई लाग्दछ। यही सन्दर्भमा म थोरै मैले जोड्न किन खोजे भने मैले पाएको सूचनामा  जस्तो भानु नगरपिलका वडा नं. ६ मा सुन्तला खेतीको लागि सिचाईको लागि भनेर विनियोजन गरेको ७ लाख रुपैया रहेछ। त्यो रकमहरु चाहिने झन्डै झन्डै २ लाख जति खर्च गरेर अरु अन्य काममा लगाएर त्यो चाहि अलिकति अनियमितता भयो भन्ने खालको कुराहरु आएको छ। यसले गर्दाखेरिमा थुप्रै ठाउँमा त्यस्ता कार्यक्रमहरु भएका होलान् त्यसले गर्दाखेरिमा हामीले गत सालमा लगानी गरेका बजेटहरु के भएको छ त्यसलाई पनि हामीले समीक्षा गर्नुपर्छ भन्ने मलाई लाग्दछ। र यो जुन कृषिको कार्यक्रमहरु चाहि हाम्रो देश कृषिप्रधान देश हामी कृषिमा निर्भर हाम्रो जीवन कृषिसँग जोडिएको हुन्छ। तथापि हाम्रो योजना आयोगले एकफेर गरेको कार्यक्रम अनुसार हामीहरुले ७१ हजार खर्च गर्‍यौँ भने बल्ल ८० हजार रुपैया मात्र आम्दानी गर्न सक्छौँ भन्ने कुराहरु एउटा तथ्याङ्क आएको थियो। जब सम्म हामीले ७१ हजार खर्च गरेर ९ हजार आम्दानी भयो भने हामी कृषिमा आत्मनिर्भर भएर त्यसलाई कसरी निर्वाह गर्न सक्छौँ त्यसको लागि पनि हामीले अब कसरी चाहि थोरै लगानी गरेर धैरै आम्दानी कसरी गर्न सक्छौँ भन्ने कुरामा पनि अलिकति जोड दिन पर्छ भन्ने मलाई लाग्दछ। सभामुख महोदय , यही सन्दर्भमा विशेष गरेर कृषिसँग सम्बन्धित निति कार्यक्रममा ६३९ वटा १३८८ नं. बुँदा सम्म झन्ड झन्डै ७४९

बुँदामा यो बजेट बिनियोजन भएको छ धेरै शीर्षकहरुमा र यसले निश्चय पनि धेरै क्षेत्रमा समेट्न खोजेको छ तथापि यसलाई हामीले गत वर्षको मूल्याङ्कनमा गत वर्षको कार्यक्रमको हामीले समीक्षा गर्न सकेनौँ भने हामीले गर्न खोजेको लक्ष्य प्राप्त हुन्छ जस्तो मलाई लाग्दैन। र जुन ६५० नं. बुँदामा छ जसरी गरिब, बिपन्न परिवारलाई परिवारको भूमिहीन तथा सुकुम्बासीको पहिचान गर्नको भन्नको लागि भन्ने सन्दर्भमा जुन १ करोड ४४ लाख रुपैया छुट्टिएको छ मैले अस्ति पनि अनुरोध गरेको थिएँ यो हाम्रो सिंगो प्रदेशले गण्डकी प्रदेश सरकारले आफैले गर्न खोजेको हो वा अथवा स्थानीय तहलाई हामीले परिचालन गर्ने हो यो कुरामा हामीले सोच्नुपर्छ जस्तो लाग्छ किनभने हामीले को यथार्थ सुकुम्बासी छन् कुन ठाउँमा हाम्रा सार्वजनिक जग्गाहरु छन् मैले अस्ति पनि अनुरोध गरेको थिएँ ती सार्वजनिक जग्गा कति छ र कति सुकुम्बासी छन् भन्ने कुरा स्थानीय तहमा त्यसको चाहि यथार्थ रिपोर्ट आउन सक्ने कारणले हुनाले हामीले यो बजेटबाट कमसेकम स्थानीय तहलाई केही बजेटहरु चाहि उपलब्ध गराएर स्थानीय तहलाई हामीले निर्देशन गर्न सक्यो भने हाम्रो कार्यविधि बनाउन सक्यो भने यसले निश्चय पनि यथार्थ सुकुम्बासी र भूमिहीनको पहिचान हुने त्यसपछि चाहि हाम्रा सार्वजनिक जग्गाहरुको पनि पहिचान गरेर हामीले यथार्थ सुकुम्बासीहरुलाई चाहि हामीले व्यवस्था गर्न सकिने र हामीले आवासको व्यवस्था सहज बनाउन सक्छौँ भन्ने मैले आग्रह गर्न चाहेँ। अर्को यो मागका आधारमा वातावरणमैत्री कृषि, पशुपन्छी व्यवस्थापन प्रबन्धको लागि अनुदान भनेर १ अरब ४९ करोड रुपैया चाहि जुन छुट्टिएको रहेछ । गत सालमा पनि हामीले यसरी अनुदानमा थुप्रै पैसा बाँड्यौ त्यसको पनि एकदमै हामीले राम्रो रिपोर्ट पाएको जस्तो हामीले अनुभूति गर्न सकेको छैन। अहिले पनि हामीले त त्यसको अनुगमन र त्यसको मूल्याङ्कन गर्न सकेनौँ भने यति ठूलो रकम फेरि पनि त्यही ढङ्गबाट चाहि विनियोजन भयो भने यथार्थमा जुन चाहि कृषकले चाहेको अनुसारबाट चाहि यो खर्च हुन सक्दैन कि भन्ने मलाई लाग्छ। यस तर्फ पनि मूल्याङ्कन र अनुगमनलाई चाहि प्राथमिकता दिन पर्छ भन्ने मलाई लाग्छ त्यसलाई पनि मूल्याङ्कन र अनुगमनलाई चाहि प्राथमिकता दिन पर्छ भन्ने मलाई लाग्छ। अर्को चाहि ६७७ नं. बुँदामा चाहि जुन चाहि अनुगमनका लागि भनेर ६० लाख रुपैया

छुट्याइएको रहेछ यति चाहि ठूलो रकम अनुगमनका लागि मात्रै कसरी लाग्नी हो त्यो चाहि अलि अत्यधिक धेरै भयो कि भन्ने मलाई लाग्छ। त्यसैले गर्दा यो बजेटलाई पनि हामीले सोच्नपर्ने हो कि भन्ने मलाई लाग्दछ। अर्को यो ७४५ नं. बुँदा कृषि तालिम भवन आवासको लागि भनेर २ करोड रुपैया छुट्यिएको छ यो कस्तो खालको भवनका लागि हो यो चाहि हामीले यही गण्डकी प्रदेशमा हो कि अरु जिल्लामा पनि आवश्यक हुने हो यसको लागि पनि अलि किलियर भैदिए सजिलो हुन्थ्यो भन्ने मलाई लाग्दछ। अर्को चाहि जस्तो यो ७८१ नं. बुँदामा चाहि आ.व. २०७६ /०७७ मा चाहि सञ्चालित भएका पुराना ब्लकहरुलाई शर्सत अनदान भनेर ७ करोड ७५ लाख रुपैया छुट्टिएको रहेछ। त्यो रकमहरु हामीले चाहि अब फेरि शर्सत अनुदान दिँदाखेरिमा पनि गत सालका योजनाहरु कसरी काम भइराखेका छन् भन्ने कुराहरुलाई हामीले मूल्याङ्कन गरिएन भने फेरि पनि मान्छेहरुले चाहि अब यो अनुदान पाइने शसर्त अनुदान पाइने भन्ने हिसाव कितावले मात्रै मान्छेहरु पेशामा अगाडि सर्ने यथार्थमा हामीले गरिएको लगानीमा त्यसको राम्रो रिजल्ट आउँदैन कि भन्ने मलाई लाग्दछ। सभामुख महोदय , अर्को १२६३ नं. को बुँदामा स्थानीय जातका कुखुराको ह्याचरी केन्द्र स्थापनाको लागि भिमाद तनहुँमा भनिएको छ जुन ५० लाखको कुराहरु आएको रहेछ अब यो तनहुँमा पर्नेमा हाम्रो लागि त गौरवको कुरा हो तर चाहि यो भवन यो केन्द्र बनाउनका लागि सरकारको तनहुँबाट हो कि व्यक्तिको व्यक्तिले बनाउने हो हामीले व्यक्तिलाई लगानी गर्ने हो कि सरकारको तर्फबाट त्यो बनाएर हामीले चल्ला उत्पादन गर्न खोजेको हो यो कुरामा अलि किलियर भएन कि भन्ने मलाई लाग्दछ। र अर्को कुरा बाँझो जग्गाहरु हामीले कृषिलाई धेरै कुराहरु गरेका छौँ तर हाम्रो मेनपावरहरु पूरा कुरा विदेशमा छन्। प्रशस्त मात्रामा बाँझो जग्गा छ अब बाँझो जग्गा राख्नेलाई हामीले के कसरी त्यसको व्यवस्थापन गर्ने हो त्यो तिर पनि ध्यान जानुपर्छ भन्ने लाग्दछ। अर्को चाहि हामीले जब सम्म हामीले यो कृषिमा लगानी गरिराखेका छौँ नि कृषिमा लगानी गर्दाखेरिमा हाम्रो यो असिना पानीले गर्दाखेरिमा थुप्रै हाम्रा चाहि उत्पादन हुने बेला भएका आम्दानी गर्ने बेला भएका हाम्रा तरकारीदेखि लिएर फलफूलदेखि लिएर हरेक कुरामा क्षति पुऱ्याएको अवस्था छ यसलाई चाहि हामीले अनिवार्य लगाउनेदेखि लिएर बाली लगाउने व्यवस्था गर्न सक्यौँ

भने त्यसले जब सम्म कृषकहरुले यदि क्षति भयो भने पनि बाली बिमाबाट हाम्रो आम्दानीलाई कमसेकम क्षतिलाई पूर्ति गर्न सक्छौँ भन्ने वातावरण श्रृजना गर्न त्यतातिर पनि ध्यान दिन पर्छ भन्ने मलाई लाग्छ। अर्को कुरा अन्तिममा मैले के राख्न चाहे भने यो कृषिमा हामीले पटक पटक भन्दै आएको कृषकहरुलाई कर लगाउने कुरा छ कृषकलाई कर लगाउने कुरामा हामीले अन्त्य गर्न सकेनौँ भने फेरि कृषकको मनोवल घट्ने अवस्था र गिर्ने अवस्था आउँछ त्यसमा ध्यान दिन अनुरोध गर्न भन्दै मेरा भनाइ यही अन्त्य गर्दछु । धन्यबाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री जुना देबी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय जुनादेबी नेपाली

माननीय सभामुख महोदयज्यू, खाद्य सुरक्षा एवम् पोषण सुरक्षाको प्रत्याभूति गर्दै गरिबी न्यूनिकरण एवम् प्रादेशिक अर्थतन्त्रमा योगदान गर्न कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि व्यवस्थित आवास व्यवस्थापन तथा दिगो भौतिक पूर्वाधार विकास मार्फत् आर्थिक सामाजिक रुपान्तरणको लागि भूमिको समुचित उपयोग एवम् व्ववस्थापन गर्न भूमिको पहुँचमा रहेको असमानता भूमिको खण्डीकरण एवम् गैह्र उत्पादनमूलक क्षेत्रमा  यसको प्रयोगको कारणले भूमि श्रोतको महत्त्व सदुपयोग हुन सकिरहेको छैन। कृषक वर्गको भूमि पहुँच व्यवस्थित बसोबासलाई व्यवस्थापन दिगो सहरीकरण भूमिहीन र सुकुम्बासीहरुको बसोबास समुचित व्यवस्थापन तथा जिविकोपार्जन प्रवर्धन गर्दै सामाजिक न्याय र संमृद्धिका लागि विनियोजन विधेयक २०७६ आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रम भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रम र बजेटमा हामी छलफल गर्न गइरहेका छौँ। यो मन्त्रालय अन्तर्गत कार्यक्रमहरु चाहि मागको आधारमा वातावरणमैत्री कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि अनुदान  कार्यक्रम,  स्याउ खेती कार्यक्रम, स्थानीय तहको सहकार्यमा कृषक गरिब तथा विपन्न परिवार भूमिहीन तथा सुकुम्बासीहरुको पहिचान गर्ने कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका लागि ऋणको

ब्याजमा अनुदान कार्यक्रम प्राकृतिक प्रकोप र महामारी रोगबाट कृषि तथा पशुपन्छीमा भएको क्षतिको लागि राहात र आकस्मिक  माग सम्बोधन कार्यक्रम, कोल्डस्टोर, किसानसँग कृषिमन्त्री कार्यक्रम सञ्चालन, उत्कृष्ट कृषकहरुलाई पुरुस्कार तथा सम्मानका कार्यक्रम र स्थानीय तहसँगको सहकार्यमा जग्गा एकीकृत गरी बस्ती विकास कार्यक्रमका लागि अनुदान सहयोग, जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने अनुदान सहयोग उत्पादनमूलक सहकारी संस्थाहरुको लागि व्वसायिक योजना तर्जुमा तथा क्षमता विकास गरिब तथा बिपन्न महिला लक्षित तालिम कार्यक्रम, वस्तुगत सहयोग समेत एक सहकारी एक उत्पादन सहयोग कार्यक्रम, एक वडा एक नमूना उत्पादन कार्यक्रम, कृषि तथा पशु विकास कार्यक्रम र एक पालिका एक उत्पादन कार्यक्रम यी महत्त्वपूर्ण कार्यक्रमहरु रहेका छन्| कृषि क्षेत्रमा पकेड क्षेत्रहरु सञ्चालनका लागि शसर्त अनुदान र चलिरहेका पकेड क्षेत्रहरुलाई निरन्तरता दिने क्रियाकलाप र विभिन्न क्रियाकलापहरुलाई विस्तृतीकरण गरी प्राङ्गगारिक मिसन कार्यक्रम निरन्तरता तथा माटो परीक्षण, मिनी ल्याव स्थापनाका लागि उपकरणमा खरिद जस्ता थुप्रै कार्यक्रमहरु महत्त्वपूर्ण रहेका छन्| बिउ उत्पादन प्रशोधन तथा प्रमाणिकरण सहयोग कार्यक्रम, साना सिचाई कार्यक्रम सञ्चालन निर्माण तथा मर्मत, कृषि यान्त्रिकीकरण अनुदान, ग्रीन हाउस निर्माण सहयोग, विभिन्न बाली बस्तुमा मोडल फर्म स्थापना, घरघरमा प्राङ्गगारिक मल उत्पादन तथा प्रयोग प्रर्वधन कार्यक्रम, व्यवसायिक गाईभैसीपालन, बाख्रापालन, कुखुरा पालन, बहुवर्षीय घाँसको बिउ  खरिद तथा बितरण, उन्नत साँढे र उन्नत राँगो उन्नत बोकाहरु बितरण, मत्स्य पालन,  पाँडापाँडी हुर्काउने कार्यक्रम यी महत्त्वपूर्ण कार्यक्रमहरु आएको छ र कृषि मन्त्री लगायत गण्डकी प्रदेश सरकारलाई म हृदयदेखि नै आभार प्रकट गर्दछु र धन्यबाद दिन चाहन्छु र म र मेरो पार्टीको तर्फबाट म पूर्ण समर्थन गर्दछु| यी कार्यक्रमहरु आएको छ | यी कार्यक्रमहरुलाई हामी यो खर्चमा खर्च गर्ने सन्दर्भमा यी कार्यक्रमहरु कार्यन्वयन गर्ने सन्दर्भमा हाम्रो महत्त्वपूर्ण भूमिका रहने कुरा आगामी दिनमा हामीले यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। माननीय सभामुख महोदय, यति महत्त्वपूर्ण कार्यक्रम हुँदाहुँदै पनि अझै केही कुराहरुमा ध्यान दिनुपर्ने अवस्था छ। खण्डीकृत जमिनमा

परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणाली अवलम्बन गरिदै आएको र विकासका लागि आएका सरकारी प्रयासहरु सिमित श्रोत र साधनहरुका कारण एकीकृत रुपमा नभई छरिएर जाने गरेकोले प्रतिफलमुखी हुन सकेका छैनन्। कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजी क्षेत्र र रोजगारीका लागि युवा उद्‌यमीहरुलाई आकर्षित हुन सकेको छैन। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु कृषि उपज उत्पादनमा यान्त्रिकरण अवलम्बन हुन नसक्नु कृषि विकासका लागि आवश्यक सिचाई, कृषि सडक, ग्रामिण विद्‌युतीकरण, कृषि उद्‌योगहरुसँगको समन्वयको अभाव रहँदै आएको तथा बजारमुखी उत्पादन हुन सकेको छैन। कहाँ कुन माटोमा के उत्पादन हुन्छ महत्त्वपूर्ण छ त्यो भन्दा पनि महत्त्वपूर्ण कुरा कुन समयमा बजारले के कुराको माग गर्दछ अझ बढी महत्त्वपूर्ण हुँदोरहेछ। यस्ता कुराहरुमा ध्यान जान आवश्यक देखिन्छ। कृषिलाई व्यवसायका रुपमा नभइ परम्परागत रुपमा अवलम्वन गरिँदै आएको छ। यस कुरामा परिवर्तन गर्न आवश्यक देखिन्छ। उत्पादन छिटो कृषकलाई लाभान्वित हुन किटनाशक झार  नासक तथा ढुसीनासक विषादी तथा जिप प्रविधि उत्पादनहरुका सहायताले बालीनालीको संरक्षण गर्ने हजारौका संख्यामा झारपात, हानिकारक किरा तथा हानिकारक रोगलाई नियन्त्रण गरी आधुनिक उत्पादनका लागि माटोको परीक्षण गरी कस्तो बिउ बीजनको प्रयोग गरी कसरी उत्पादन बढाउने कुराको निक्यौंल गर्ने जमिनका लागि आवश्यक पोषण तत्वको प्रयोग गरी कृषिजन्य वस्तुमा लगानीको हिसाव किताव राख्नको लागि वैज्ञानिक तथ्याङ्क र आधुनिक प्रविधि प्रयोग गरी भण्डारण तथा यातायातका लागि आधुनिक प्रविधिको प्रयोग गरी क्षति कम गराउने जमिन जोत्न,  सम्याउन, केलाउन,  भित्राउन र विषादी छर्न र सिचाइ गर्न आधुनिक यन्त्रको प्रयोगमा ध्यान दिन आवश्यक देखिन्छ। प्रविधिमा जोड दिएको कारणले थोरै भए पनि कृषि उत्पादनमा वृद्‌धि भएको छ तर उत्पादन न सबै कुरा हुँदैन त्यसको लागि बजार पनि हुनुपर्दछ। किसानले मूल्य पाउनुपर्दछ तर त्यसको केही अभाव देखिएको छ। उत्पादनदेखि लिएर बजार व्यवस्थापन मूल्य निर्धारण लगायतका कुरा कृषि मन्त्रालयले नै गर्नुपर्छ भन्ने धेरैको बुझाइ छ। त्यसो होइन त्यसमा उद्‌योग, वाणिज्य तथा आपूर्ति, अर्थ, भौतिक

पूर्वाधार यातायात र सिचाई वन विषयसँग सम्बन्धित मन्त्रालयको पनि जिम्मेवारी हुन्छ हुनुपर्छ । किसानको खेतमा सिचाई नपुग्दा उत्पादनले उचित मूल्य वा बजार नपाउँदा कृषि मन्त्रालय नै दोष थोपर्ने चलन रहेकोछ। धेरै कुरा अन्य मन्त्रालयसँग पनि सम्बन्धित छ। यी मन्त्रालयहरुको बिचमा समन्वय हुन आवश्यक छ। उत्पादन बृद्धि गर्नका लागि कृषि क्षेत्रले पर्याप्त बजेट नपाइरहेको अवस्था छ। उत्पादन वृद्धि भइरहेको छ भनिरहँदा कृषिजन्य वस्तुको आयात पनि बढेको बढ्यै छ। अहिले कृषि पेशा छाड्ने अरु पेशा गर्नेको संख्या बढेको छ। पहाडका पाखा पखेरा पनि बालीनाली पहिला लगाइन्थ्यो अहिले खालि हुन्छ। थुप्रै जमिन बाँझो छ र तराईको उत्पादन हिमाली लेक सम्म पुगेका छन्। मकै कोदो खानेले अहिले भात खान्छन्। नेपालमा खानपान पनि मिलेको छैन। हाम्रो खाने बानीमा पनि सुधार गर्नुपर्ने आवश्यक छ। जुन कुराहरु धेरै खानुपर्ने कम खाने र कम खानुपर्ने कुराहरु धेरै खान्छौँ। वास्तवमा किसान सम्म कम सेवा पुग्नु कम मात्रामा किसानहरुलाई सेवा दिएर  देशैभरिको कृषिबाट उत्पादन भएन वा आवश्यकता पूरा भएन भन्नु गैर जिम्मेवार कुरा हो। पहिलो कुरा मन्त्रालयसँग पहुँच देशैभरिको किसानसँग पुग्नपर्‍यो। अन्तिममा मात्र कृषिबाट आशा गर्नुपर्ने छ । हामी आफ्नै बारीका उत्पादन खाँदैनौ मसिनो र शानदार खान्छौँ । कतिपय हामी उत्पादन गर्छौं ती कुराहरु बाहिरबाट आयात गरी खान्छौँ । यसबाट के पुष्टि हुन्छ भने कृषि मन्त्रालयसँगक पहुँच ठाउँठाउँमा पुगेको छैन। कृषिको बजेट केही जनतामा मात्र पुगेको छ। सबै जनतामा पुऱ्याउनका लागि थुप्रै बजेट चाहिन्छ। आवश्यक देखिन्छ।यी र यस्ता कुराहरुमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ। यस हिसावले थुप्रै बजेट चाहिन्छ तर एउटा कुरा बिर्सनुहुँदैन भने सरकारले मात्र गरेर हुँदैन। यसमा निजी क्षेत्रको पनि त्यत्तिकै भूमिका हुनुपर्छ। र सबै क्षेत्रमा सरकार पुग्न नसके पनि निजी स्तरबाट पुग्नुपर्दछ। माननीय सभामुख ( माननीय सदस्य समय सकियो) निजी क्षेत्रसँग एकीकृत रुपमा काम गरेर मात्रै सम्भव हुन्छ भन्दै पुनः म यो कार्यक्रमको समर्थन गर्दै मेरो भनाइ यही अन्त्य गर्दछु हस्त धन्यबाद नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विष्णुप्रसाद लामिछाने

माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयक अन्तर्गत भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत विनियोजित बजेट माथि छलफल गरिराखेका छौँ। हिजो मात्रै हामीले धुमधामका साथ धान दिवस मनायौँ। संयोगले त्यसैको भोलिपल्ट आज झन्डै झन्डै त्यही मन्त्रालय अन्तर्गतको छलफल रहेको छ । म ढिलै भए पनि माननीय सभामुख महोदय मार्फत सबैलाई धान दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्न चाहन्छु। हामी कृषिसँग सम्बन्धित नै छौँ। वास्तवमा अत्यन्त महत्त्वपूर्ण मन्त्रालय यसले ३ वटा विषयलाई प्रत्यक्ष उठान गर्दछ। एउटा भूमि व्यवस्था अर्को कृषि र सहकारी । हामीले भूमि भन्ने साथ धेरै कुराहरु जुन कृषिसँग पनि सम्बन्धित छ। र जुन सुकुम्बासीसँग पनि सम्बन्धित छ। हामीले त्यतातिर हाम्रो ध्यान तान्ने गर्दछ। यसमा क्रमसंख्या ६५१ मा के भनेको छ भने कृषक, गरिब तथा बिपन्न परिवार भूमिहीन सुकुम्बासीको पहिचान भनेर त्यो रुपमा राख्याछौँ र त्यो स्थानीय निकायको समन्वयमा छ। मलाई लाग्छ हामीले एकै ठाउँमा एउटै डालोमा हालेर त्यसलाई हेर्न थाल्यौँ भने कही न कही अलमल हुन्छ भन्ने लाग्छ। त्यसैले ठीक छ गरिब सुकुम्बासी भन्नासाथ हामी साँच्चै नै गरिब हो भन्ने ठान्दछौँ। यो पहिचान चाहि गर्ने काम गर्‍यौँ हामीले र आनन्दले लिने काम गर्ने भयो। यी यति चाहि हाम्रा पहिचान भए भन्ने हो र त्यसपछिको कार्यक्रम के हो भन्ने बारेमा कही कतै बोलेको पाइदैन। त्यसैले अब पहिचान गरेर मात्रै बस्ने बेला छैन। सुकुम्बासीहरु जो अहिले पनि भूमिहीन छन् जसले अहिले पनि आफ्नो नाममा कुनै किसिमको सम्पत्ति छैन जग्गा जमिन छैन उनीहरुलाई अब पहिचान गरेर मात्र बस्ने बेला होइन। अब उनीहरुको हातमा पूर्जा हुनुपर्छ भन्ने मान्यता राख्छु म त्यसैले पहिचान नगरीकन तिनको हातमा पुर्जा हुँदैन मलाई थाहा छ। म धन्यबाद दिन चाहन्छु मन्त्रालयलाई पहिचान गर्ने काम गरेको छ। मेरो अनुरोध छ माननीय सभामुखज्यू मार्फत सम्बन्धित मन्त्रालयलाई। ती सुकुम्बासी जसले म नेपाली हुँ र मसँग पुर्जा छ भनेर गर्व गर्ने

ठाउँ अब दिनुपर्छ हामीले। त्यस्तै अव्यवस्थित बसोबासीहरुको संख्या पनि बाहुल्य छ। जग्गा कब्जा गरेकै छ त्यहाँ काम पनि गरेकै छ। घर पनि राम्रो राम्रो बनाएको छ । अहिले पनि अव्यवस्थित छ। कतिबेला राज्यले उठाउँछ कि थाहा छैन।ऊ एकातिर त्यो अव्यवस्थित बसोबासी त्रासमा बाँचिरहेको छ भने अर्कोतिर त्यो घर त्यो जग्गाबाट राज्यले लिने कर हामीले लिन सकिरहेका छैनौ। राज्यले कर लिन नसकिरहेको अवस्था छ। त्यसैले त्यसलाई पनि व्ववस्थित गर्नुपर्छ भन्ने मलाई लाग्छ। अब यो कामको लागि मन्त्रालयले सुरुवात गरोस् हाम्रो तर्फबाट कहाँ के सहयोग गर्नुपर्छ हामी तयार छौँ । त्यस्तै हामी कृषिका कुरा गरिरहँदा अहिले पनि हामी निर्वाहमुखी खेती प्रणालीमा छौं। हिजो हाम्रो बुबा हजुरबुबाले जे खेती लगाउनुभयो अहिले पनि मेरो बुबाले त्यही लगाउनुभयो र बुबाले जे खेती लगाउनुभयो अहिले पनि मैले पनि त्यही गरेको छु। भोलि मेरा छोराले पनि त्यही गर्ने पद्धति हामीले त्यही सिक्दै आएका छौँ। त्यसैले कुन माटोमा कुन खेती हुन्छ कुन जमिन कुन खेतीको लागि योग्य हुन्छ भनेर हामीले छुट्याउन जरुरी छ। त्यसको लागि माटो परीक्षण सबै भन्दा महत्त्वपूर्ण हो भन्ने मलाई लाग्छ। जहाँ मकै हुन्छ हामीले जवरजस्ती अर्को खेती गरिराखेका छौँ। जहाँ कोदो हुन्छ जवरजस्ती अर्को खेती गरिराखेका छौँ। जहाँ फलफूल खेती हुन सक्छ त्यहाँ अर्को खेती गरिराखेका छौँ। त्यसैले माटो परीक्षण गरेर त्यसको आधारमा यो गण्डकी प्रदेशलाई पकेट क्षेत्र बनाऔँ। कहाँ खेतीयोग्य जमिन छ कहाँ फलफूल योग्य जमिन छ कहाँ बसोबास योग्य जमिन छ अनि कहाँ पशुपालन पन्छी पालनका जमिन छन् कहाँ के गर्न सकिन्छ त्यतातिर ध्यान दिऔँ। हामीले काम गर्दा हरेक वर्ष दैनिक आउने आउने काम दैनिक प्रशासन चलाउने काम र दैनिक रुपमा जे आउँछ त्यही मात्र नगरौँ। हामीले गर्ने कामले दीर्घकालिन असर पुग्ने काम गरौँ सोच बनाऔँ। साँच्चै हामीले एउटा सोच दीर्घकालिन सोच जुन सोचले फेरि त्यो कामलाई हामीले दोहोऱ्याउन नपर्ने परिस्थिति बनोस्। आज पनि त्यही गरिराछ। भोलि पनि त्यही गरिराछ। आज पनि त्यही शीर्षकमा बजेट छुट्याछ भोलि पनि त्यही शीर्षकमा बजेट छुट्याइराछौँ। त्यसले हामीले जुन सोचका साथ दिगो विकास गर्ने भनेका छौँ। कृषिमा गण्डकी प्रदेशलाई आत्मनिर्भर भएर पनि हामीले निर्यात गर्ने कुरा गरेका छौँ। यसले हुँदैन। अब लागौँ

दीर्घकालिन सोचका साथ लागौँ। हामी भाग्यमानी छौँ। प्रकृतिले पनि हामीलाई त्यही किसिमको भूगोल दिएको छ। हामीसँग स्याउ पनि हुन्छ हामीसँग लिची र आँप हुने ठाउँ पनि छ। हामीसँग पशुपालनको हिमालमा गरिने पशुपालनदेखि तराईमा गरिने पशुपालन सबै हिसावले दिएको छ। वातावरणले दिएको छ। हावापानीले दिएको छ। भूगोलले दिएको छ। हामी ठगिएका छैनौँ। हामीले गर्व गर्नुपर्छ हाम्रो प्रदेशप्रति । त्यसैले ती ती सम्भाव्यताहरु के के हुन् त हामीले चाहि यो गण्डकी प्रदेशलाई सक्षम गण्डकी प्रदेश बनाउने कृषिमा भूमिमा के के हुन् त त्यतातिर चाहि दीर्घकालिन योजनाहरु तयार पार्नुपर्छ भन्ने चाहि मलाई लाग्छ। हामी अहिले जुन बजेटमाथि छलफल गरिराखेका छौँ छ त्यस्तो पनि छ छैन होइन तर जुन रुपमा आउनुपर्थ्यो आएन कि भन्ने मलाई लाग्छ त्यसैले यता ध्यान जान जरुरी छ भन्ने ठान्दछु मैले। अर्को कुरो हामी मजाले भन्ने गर्छौँ कृषिप्रधान देश हो भनेर तर एउटा किसानले मैले कृषि गर्छु भनेर गर्व गर्न सक्ने ठाँउ छैन। हामीले एउटा किसानले आफू किसान भए बापत् गर्व साथ म किसान हुँ भन्ने अवस्था श्रृजना गरौँ त्यसका लागि के गर्नपर्छ त्यतातिर लागौँ। के काम गर्नुहुन्छ भन्यो भने होइन केही छैन अहिले पनि त्यो परिस्थिति छ। होइन म किसान हुँ मैले कृषि कार्य गर्छु भनेर गर्वका साथ भन्ने वातावरण कसरी बनाउन सकिन्छ त्यतातिर सोचौँ। एउटा किसानले आफू किसान भए वापत् गर्व गरोस्। गर्वका साथ छाति फुलाएर म किसान हुँ भन्ने वातावरण कसरी श्रृजना गर्न सकिन्छ त्यतातिर ध्यान दिन जरुरी छ भन्ने लाग्छ। अर्को अघि पनि माननीयज्यूहरुले भन्नुभएको छ र कार्यक्रममा पनि आएको छ यान्त्रिकीकरण गर्ने भनेर आधुनिकिकरण गर्ने भनेर। वास्तवमा अबको समाज हामी साँच्चै नै कृषिलाई चाहि अगाडि ल्याउने हो भने कृषिमैत्री समाज र यन्त्रमैत्री कृषि निर्माण गर्नुपर्छ त्यतातिर जान जरुरी छ। कृषि अब यन्त्रहरु अब कृषि पेसा हातले गरेर हुने परिस्थितिको अन्त्य गर्न जरुरी छ त्यसैले कृषिमैत्री समाज कम्तीमा नि त्यो एउटा समाजले कृषिलाई गर्ने सम्मान होस् र यन्त्रमैत्री कृषि बनाउन सकियो भने हामीले केही गर्न सक्छौँ भन्ने मलाई लाग्छ। जसको माध्यमबाट हामीले सोचेको गरिबी निवारण एउटा किसानको छोराले विदेश गएर त्यही काम गर्छ हामीले त्यो काम यहाँ गर्न सकेका छैनौँ किनभने हामीले कामलाई सम्मान गर्न

सिकेनौँ। हामीले कामलाई ठूलो र सानोमा परिणत गर्‍यौँ । म पढेको मान्छे हुँ म ठुलो मान्छे हुँ म ठुलो मान्छेको छोरा हुँ मैले सानो काम गर्न हुँदैन भन्ने सोच हामीमा पलायो। त्यो सोचको अन्त्य हुने किसिमका कार्यक्रमको जरुरी छ त्यसैले अब हामीले त्यो गरौँ र अर्को बैक तथा बित्तिय संस्थामा ऋण लगानी गर्दाखेरि अत्यन्त झन्झटिलो परिस्थिति छ। त्यो झन्झटिलो परिस्थितिको अन्त्य हुनुपर्छ। त्यसलाई के गर्न सकिन्छ त्यता सोचौँ र अर्को एउटा समस्या के आएको छ भने धितो लिँदा बैकहरुले मेरो जग्गा जहाँ छ त्यहीको धितो लिइदिन पर्‍यो नि त । मेरो घर पहाडमा छ मेरो बौदीकालिका गाउँपालिका पहाडमा हो। मैले ऋण लिन पर्‍यो भने नवलपुरको जग्गा चाहियो भन्छ। मैले कहाँबाट त्यो नवलपुरको जग्गा दिने त्यसैले जहाँको जति खाम छ त्यो धितोले त्यो लिइदिन पर्‍यो नि त बित्तिय संस्थाहरुले लिँदैन। लिएको छैन। त्यो परिस्थितिलाई पनि हुने किसिमको बनोस् यिनै कुराहरु राख्दै बिदा हुन्छु ।

धन्यबाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय ललितकला गुरुङ

माननीय सभामुख महोदय, हामी आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रम माथि छलफलमा छौँ। मन्त्रालयगतको विकासे कार्यक्रम अन्तर्गत भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयतिरको बारेमा आजको छलफल चलिरहेको छ। सभामुख महोदय, छलफलका लागि छलफल भन्दा पनि लक्षित कार्यान्वयन र परिणाममुखी कार्यक्रमको बारेमा बहस गर्न उचित हुन्थ्यो भन्ने लाग्दछ। ७२ पेजदेखि ११३ पेज सम्म ६३९ क्रमसंख्यादेखि १३९१ सम्म ७५२ वटा विकासे योजनाहरु कार्यक्रमहरु ११ वटा जिल्लामा सबै शीर्षकमा वितरित छन्। आ.व. २०७५/०७६ मा यो मन्त्रालय अन्तर्गतको बजेटले आफू अनुकुल कार्यविधि बनाएर हनिमुन वर्ष मनायो। काम

कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भएको अनुभूति हामीलाई भएको छ। सभामुख महोदय, कृषिमा आश्रित हाम्रो मुलुक सरकार गठनको १६ /१७ महिना बितिसक्दा पनि बारैमास खेतबारीमा भिज्ने किसानहरुले कृषिक्रान्तिको अनुभव गर्न पाएका छैनन्। अहिलेको यो शताब्दीमा आएर पनि परम्परागत ट्र्याडिसनल तरिकाबाट नै आफ्नै बलबुताबाट खेती गर्न किसान बाध्य छन्। मरिमरि खेती लगाए असिनाले खान्छ असिनाबाट जोगाए बाँदरले खान्छ जसले जे भोग्यो त्यही नै बोल्ने त हो नि आजकल मेरो जिल्ला पर्वतको मोदी गाउँपालिका कुश्मा नगरपालिकाको गाउँ बस्तीका वडा महाशीला पैयु लगायतका सबै जसो बस्ती बाँदर आतङ्कले आजित परेका छन्। यसका लागि स्थानीय तहले धेरै विधि अपनाउँदा पनि धौ धौ नै भइरहेको छ। के यो समस्या होइन र ? यसको लागि सरकारले योजना बनाउन पर्ने कि नपर्ने ? स्याउदेखि च्याउको कुरा त ल्याइएको रहेछ तर स्वास्थ्यको लागि अति महत्त्व राख्ने फलफूलको उत्पादन र उत्पादन वृद्धिको बारेमा महत्त्व दिएको भेटिएन। हाम्रो प्रदेश कफी र लप्सीका लागि पनि प्रचुर सम्भावना बोकेको प्रदेश हो। स्याङ्गजा, पर्वत लगायत अन्य जिल्लाको कफी विदेशमा समेत प्रख्यात छन् अनि नेपालमा पाइने अनि पर्वतमा लगाइने र उत्पादन हुने लप्सी खेतीले पनि राम्रै आम्दानी गर्दछ। यस्ता खेतीतिर सरकारले ध्यान दिन आवश्यक छ। आज पनि कृषकहरु सिचाईबाट बञ्चित छन्। भूगोलसँग मेल खाने आधुनिक कृषि यन्त्रहरु उपलब्ध हुन सक्यो भने कृषकहरुलाई राहात हुन्थ्यो। आज खेती गरौँ भने मेनपावर पाइदैन। पाइयो भने अति महँगो हुन्छन्। लगाएको खेती भित्र्याउन पाइने हो कि होइन निश्चित छैन। अनि कसरी वास्तविक कृषक कृषिमा आकर्षित हुन्छन्। हाम्रो मुलुक वर्षभरि खेती लगाएर ३ महिना खान पुग्दैन। त कसरी कृषिमा लाग्छन् मानिसहरु। कार्यक्रमहरु जान्छ तर वास्तविक र लक्षित वर्ग सम्म पुग्दैन। जब अनुदानहरु आउँछन् भनेपछि बनावटी सुकिला मुकिला पहुँचवालाहरु अगाडि आउँछन्। त्यसैले भूगोलको अवस्था र कृषकको दक्षता हेरी कार्यक्रमहरु बनाउनुपर्छ भन्न चाहन्छु। नत्र कार्यक्रम बजेट बालुवामा पानी हुन्छ। गोठदेखि ओठ सम्म आलीदेखि थाली सम्म भनेर बजेट बिनियोजन कितावलाई रोचक बनाइयो र सभा हल रमाइलो पारियो तर सम्बन्धित मन्त्रालयको बिकासे कार्यक्रम पढ्दा माथिको

भनाइ प्रमाणित गर्न सक्ने  जस्तो लाग्दैन। त्यसैले भावनामा बहकिएर होइन वास्तविकतामा लाग्न र सोही अनुसार कार्यक्रम गर्नुपर्छ भन्न चाहन्छु। बधशालादेखि भान्छा सम्म भनिएको थियो बजेट बक्तव्यमा तर नेपालीहरुको महान् चाड बडादशैमा मनाङ्ग मुस्ताङ्गबाट ल्याइने भेडा च्याङग्राको व्यवस्थित पालन र यसको लागि सोच्नतर्फ सरकारले त्यहाँ कुनै बुँदामा जनाएको देखेको छैन र त्यसप्रति पनि म सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानआकर्षण गर्न चाहन्छु। कृषिप्रधान मेरो मुलुक हरेक कुरा बनावटी र देखावटीतर्फ जाँदैछ। मलाई जोड्न मन लाग्यो समय सन्दर्भ ठ्याक्कै हामीले खेती किसान गर्ने समय पनि आएको छ। म यो सन्दर्भ जोड्न चाहन्छु। औपचारिक कार्यक्रम गर्दा गमलामा बिरुवा रोप्ने धान रोप्ने बिउ र फलको माला लगाउने असार पन्ध्र रमाइलोका लागि मनाइने र कृषिको खिल्ली उडाउने जस्ता कार्यक्रमहरुलाई रोक्न र कृषि र कृषकलाई प्रोत्साहन दिने जस्ता कार्यक्रमहरुलाई अगाडि बढाउन सभामख मार्फत सम्बन्धित मन्त्री र मन्त्रालयको ध्यान आकर्षण गर्दै मेरो आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मणिभद्र शर्मा

माननीय सभामुख महोदय , मन्त्रीजी पनि हुनुहुन्छ मन्त्रालयको सचिवज्यू पनि हुनुहुन्छ क्यारे। सर्वप्रथम यो साना सिचाई योजनाहरु गोरखा जिल्लामा मोटो रकमको राखियारैछ। अरु जिल्लामा नि खोजे मैले मुस्किलै भो भेटाउनै सकिनँ। यस्ता प्रोगामहरु अरु जिल्लामा पनि पाइने थियो कि मन्त्रीज्यू गोर्खैको भएर होला। अब मन्त्रीजी कै छिमेकी जिल्ला गोरखा जिल्लाकै छिमेकी जिल्ला मनाङको एउटा साहुजीको प्रा.लिलाई ५० लाख अनुदानको कृपा भएछ। त्यो साहुजीको पृष्ठभूमि जान्न खोज्दा केही वर्ष अगाडि अर्कै पार्टीबाट नेकपा पार्टीमा आउनुभएको रहेछ। शायद यो पुरुस्कार दिने त्यस्तो व्यवस्थापन पनि थियो कि। यति ठूलो रकम जसले अनुदान लियो त्यो फार्मबाट कति टन स्याउ यो राज्यले प्राप्त गर्दछ

र चाइनाबाट र इन्डियाबाट त्यहाँबाट आउने स्याउलाई प्रतिस्थापन गर्छ त्यसको डाटा छ सरकारसित ? एउटा यी कुराहरु मैले राखेँ। अर्को यो स्थानीय तहको बाउन्ड्री गराउने कुरा हरेछ। स्थानीय तहको बाउन्ड्री पहिला भएका वार्डहरु पहिला भएका साविकका गा.वि.स.हरुमा त बाउन्ड्री थियो कहाँ कहाँ बिवाद आयो कुन कुन स्थानीय तहका सिमाहरुमा विवाद आयो र बाउन्ड्री आवश्यक पर्‍यो? यसको बारेमा पनि हामी प्रष्ट हुन आवश्यक ठान्दछु र कास्की, स्याङ्गजा र तनहुँ जिल्लालाई अहिले यो रेशम खेतीमा धेरै शीर्षकहरु मैले त्यहाँ देखेँ। यो रेशम खेती धादिङ्गतिर हामी काठमाडौँ जाने बाटोमा तल माथि देख्थ्यौँ त्यो मर्नु न बाँच्नु अवस्थामा धेरै वर्षदेखि छ। अब यहाँ यसले अलि बाँच्ने गरी किसानलाई पनि केही दिने गरी आएको हो गत सालका पूर्व सम्भाव्यता अध्ययनका बजेटले त्यो प्रमाणित गरेर यसपालि यो फेरि तानतुन गरिएको हो त्यो भने त राम्रै हो नभए चाहि यसले रिजल्ट के दिन्छ । यी तीन वटा जिल्लालाई फोकस गरेर त्यो राखिएको रहेछ र अब यो कतिपय जिल्लामा मागका आधारमा आकस्मिक बजेट भनेर पनि राखिएको रहेछ। सबै जिल्लामा पनि देखिदैन। त्यो भोलि पर्सि सुटुक्क माग्न आउनेलाई दिनी भन्ने खालको आशयको अभिब्यक्ति त्यसमा देखिन्छ। यो पनि राम्रो हो कि नराम्रो हो कस्तो हो प्रवृत्ति र संस्कार हामीले बसाल्न खोजेका छौँ। अब हामीले यहाँ कृषि उत्पादन माछा , मासुका उत्पादनका बारेमा पनि ध्यान चासो दिएका छौँ। हाम्रो यो बुढीबजारदेखि अलिकति दक्षिणपट्टि एउटा बंङ्गुरको फार्म छ। त्यहाँका बङ्गुरपालकहरुका केही गुनासाहरु हामीकहाँ सुन्नमा आयो। जान्नपर्‍यो बुझ्नपर्‍यो भनेर एकदिन भिजिट गर्न गएँ। त्यहाँका बङ्गुरपालकहरुले बङ्गुरमा लागेको रोग नेपालमा निवारण हुन नसकेर साउथ कोरिया स्याम्पलिङ्ग पठाइरहेका छन। यो सरकार कहाँ पनि ती गुनासा पक्कै आएका छन् र अरु बङ्गुरपालकहरु पनि चिन्तित छन्। फेरि बङ्गुरको मासुको खपत यो विशेष गरेर हाम्रो गण्डकी प्रदेश त्यो पनि पोखरा भ्यालीमा निकै ठूलो भोलुममा बिक्दोरहेछ। त्यो सर्भेले त्यो पनि देखाउँछ। त्यसो हुनाले यो बारेमा बङ्गुरपालक किसानहरुलाई आश्वस्त पार्ने काम तपाईहरुको बङ्गुरहरुलाई लागेको रोग र त्यो बारेमा हाम्रो सरकारको चासो छ भनेर आश्वस्त तुल्याइदिनुभयो भने तपाईहरुकै बाई बाई हाइ हाई तपाईहरुकै के के हुन्छ राम्रै

होला। र अर्कोतिर यो १२७८ नं. बुँदामा कास्की जिल्लाको कृषिसँग जोडिएर एउटा साइलेस बितरणमा र ढुवानीमा अनुदान भनेर लेखेको छ। यो साइलेस बितरण र साइलेसको बितरणमा ढुवानी भन्दा यो साइलेस उत्पादनमा ढुवानी दिउँ । साइलेस भनेको हाम्रो सिन्की जस्तै घाँसको बिरुवाहरुलाई अलि संरक्षण गरेर राख्ने विधि हो। यो विधिलाई प्रत्येक तहमा यसलाई सिकाऔं र यसलाई सरल बनाऔं। यो भयो भने पशुपालकलाई राहात होला भन्ने मलाई लाग्छ। मौरी पाल्ने सम्बन्धमा सरकारी अफिसहरुमा पनि फलफूलका बोटहरु लगाऊ फूलहरु लगाऊ भनेको रैछ। त्यो मौरीपालनका बारेमा चिन्ता ब्यक्त गरिएको कुरा राम्रो हो। तर मलाई कहाँ ध्यान नदिएको कुरामा चिन्ता लाग्यो भने हामीले विषादी छर्छौं फलफूलमा, तरकारीमा खेतीमा र त्यो विषादी छरेको ठाउँमा गएर मौरीहरु स्वाहा हुन्छन्। त्यही ठाउँमा गएर बस्छन् र  ती मौरीहरु मर्छन् र त्यसबाट बचाउने बारेमा हाम्रो सतर्कता कत्तिको छ म माननीय सभामुख महोदय मार्फत अनुरोध गर्न चाहन्छु। किसानहरु हाम्रो पूर्ववक्ता साथीहरुले पनि माननीयज्यूहरुले उठाउनुभयो किसानहरुलाई अहिले बाँदरबाट, दुम्सीबाट, स्यालबाट , भालुबाट यस्तै अन्य बन्यजन्तु र पन्छीहरुबाट ठूलो समस्या भोग्न परेको छ। र त्यसको बारेमा हामी कत्तिको गम्भीर भएका छौं त्यसको समाधान के होला यो मन्त्रालयले त्यो बारेमा चिन्ता नगरे अरु कसले गर्ने होला ? यो बारेमा पनि मैले ध्यानआकर्षण गराउन चाहें। मेरो एउटा साथीले ५ वर्ष अगाडि ६०/७० मुरी मकै बेच्थ्यो। अहिले छोराहरु बाँदर हेर्न भन्दा त हामी पोखरामा  होटलमा गएर भाडा माझ्छम भनेर यता आए। अब उसका त्यो मकै उत्पादन पनि छैन त्यो सित जोडेर पशुपालन पनि गर्थ्यो बाख्रा खसी पनि थुप्रै बेच्थ्यो। अब अहिले ऊ चाहि त्यहाँ चाउरिएर बस्याछ। अनि यहाँ एउटा रमाइलो शीर्षक पनि भेटें ८५१ र ८५५ बुँदा नम्वरमा। च्याउको बिऊ बितरण भन्ने ८५१ मा छ। ८५५ मा फेरि च्याउको बिज वितरण ५० परसेन्ट अनुदान भन्ने छ। त्यो एकै ठाउँमा राखे के हुन्थ्यो? एकथरिलाई च्याउको बिऊ अनुदान नदिइकन दिने अनि ८५५ वालालाई अनुदान दिएर दिने हो कि कसो हो यस्ता यस्ता रमाइला पनि छन्। अनि ठूला नदीका किनारहरु जो असोजदेखि जेठ सम्म पानीले छोड्छ त्यस्ता ठाउँमा अहिले यता तरबुजा/ खरबुजा के के हुन् उतरसे आते हे उताबाट आउँछन्। यहाँको होइन। त्यो यही फलाउने ती प्रयोजन पनि

हामीले गर्ने र उत्प्रेरणा गर्न पनि सकिन्थ्यो कि। अर्को कुरा म सानो सानो हुँदा बा नेपाल जाँदा यहाँ पोखराका सुन्तला लगिदिनुहुन्थ्यो मलाई। नेपाल भनेको काठमाडौं र मेरो बाले काठमाडौं जाँदा नेपाल जाने भन्नुहुन्थ्यो र त्यहाँबाट फर्किदा खेरि यो पोखराका सुन्तला लगि दिनुहुन्थ्यो  र हामी सानो सानो हुने बेला सम्म पोखराको सुन्तला भनेसी संसार प्रख्यात थियो। त अहिले पोखराको सुन्तला त हरायो हरायो यो सुन्तला प्रजातिका सिस्रटर्स प्रजाति भन्छ अंग्रेजीमा सुन्तला, कागती लगायतका  त्यो मसिनो केस्रा हुनेमा रोगले सताइरहेको छ र  चाँडो भित्रै खेस्रा सुक्ने,  किरा लाग्ने, चाँडो झर्ने र विरुवाहरु पनि धेरै वर्ष नटिक्ने समस्याहरुबाट किसानहरु प्रताडित छन्। यसको बारेमा हाम्रो गम्भीरता कत्तिको छ ? अब यो सम्भाव्यता तालिम आदि आदि भनेर झन्डै ४ करोड भन्दा बढी बजेट ६४०, ६४४, ६५०, ६६२ यस्तै यस्तै शीर्षकमा राखिएको छ। अब यसको प्रभावका बारेमा हामी सशंङ्कित छौँ। यसको सदुपयोगका बारेमा पनि हामी सशंङ्कित छौँ। यो सफ्टवेरको बजेट यति धेरै राख्न आवश्यक हो कि होइन यो बारेमा पनि म मन्त्रीज्यू माननीय सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहन्छु। झन्डै सवा अरब भन्दा बढी ब्लकमा छ। रकम ब्लकमा छ। जुन पोके बजेट भनेर हामी चर्चा गर्‍यौँ हाम्रो नियमावलीमा पनि त्यो पोके बजेट राख्न पाइन्न भनेर हामीले पास गर्‍यौँ तर यस्तै आएको छ। यति धेरै बाध्यात्मक त होइन होला पहिलाका शीर्षक बाध्यात्मक थिए होला। अब यस बारेमा पनि गम्भीरताको अभाव नेग्लेजेन्सी बढेको मैले भन्छु। र हामीले निति तथा कार्यक्रममा एउटा संशोधन राखेका थियौँ। महँगा फलफूलहरुलाई असिना प्रोटेक्सनका उपाय राज्यले गरोस् भनेर। त्यो बारेमा त हाम्रो अल्पमत  पारित पास हुने कुरै भएन त्यो हामीले बुझेरै राखेको हो। तर त्यो बारेमा सरकारले गम्भीर भएर सोच्यो भने हाम्रो कृषिमन्त्रीलाई साँच्चै पनि यो प्रदेशका जनताले बडो राम्रो कृषि मन्त्री भन्ने नै छन्। यिनै आग्रह गर्दै आफ्ना भनाइ अन्त्य गर्दछु । धन्यबाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री दीपक थापा मगरलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय दीपक थापा

सभामुख महोदय, आज हामी २०७६ /०७७ को भूमि तथा कृषि सहकारीको विनियोजित बजेट सम्बन्धी हामी छलफल गरिरहेका छौँ। त्यसैले यो कृषि भन्ने यो एउटा विज्ञान हो त्यसैले यो कृषिबाट चाहे यो गण्डकी प्रदेशको होस् चाहे नेपालकै होस् सम्पूर्ण मानव जगतबाट यो अन्नप्राण नलिइकन हाम्रो कुनै उपाय छैन। त्यसैले यो बजेट जुन आएको छ यसमा समग्रमा हेरेर आउँदा जुन निति तथा कार्यक्रम प्राथमिकि तथा सिद्धान्तको हिसावले यो धेरै राम्रो छ। व्यवहारिक पनि छ। सान्दर्भिक पनि छ। यो सबै यो हाम्रो गण्डकी प्रदेशलाई समेटेको पनि पाइन्छ र यो बजेटहरु आउँदा जुन यसमा मलाई लागेको केही छलफल नै गर्नुपर्ने र कहीँकही जुन माननीयज्यूले उठाइसक्नुभएको छ र कतै अलि कार्यान्वयनको पक्षमा जाँदा बजेट बितरणको कुरामा जाँदा विषयवस्तु र सम्बन्धित क्षेत्र र कही पुगेन कि भन्ने कुरा रहेको छ त्यसकारणले मैले यसमा यो बजेटतर्फतिर केही मैले अरु भन्दा पनि सुझावतिर र केही सल्लाह म चाहि दिन चाहन्छु। त्यसकारणले यहाँ रहेको छ यो बजेटप्रति एउटा यो गरिमामय सदनभित्र हाम्रो यो छलफलमा मलाई कतै कतै एउटा अनुभूति पनि भयो कि कतै जुन सरकार पक्षले कुनै सरकार पक्षको अचेत या सरकारका माननीयहरु कुनैले बोल्यो भने त्यो उहाँहरुले राखेको विषयदेखिने भए कतै ती चिजहरु कमजोरी भएको भए पनि ठीकै मान्नु र प्रतिपक्षहरुले पनि फेरि कतै सरकारले राखेका बजेटहरु, योजनाहरु, सिद्धान्त , नितिहरु त्यो चाहि समय सान्दर्भिक छ र विषयवस्तु त्यसले चाहि सबैलाई समेटेको छ भने त्यसलाई नराम्रै देख्ने त्यसकारण मलाई के लाग्यो भने यो एउटा आकासबादी र भोग्चाबादी प्रवृत्ति भनिन्छ त्यस्तैखालको यो खालको सोचबाट कतैकतै यो सदन चलिरहँदा मलाई एउटा अनुभूति यो लागिराखेको छ किनभने करिव चाहि हामी २ वर्ष अब पार गर्दै छौँ। यो ३ वटा अधिवेशन चलायौँ र यसमा यही खालको अनुभूति लागेको छ। तर म फेरि यहाँहरुप्रति त्यो दोहोरी खेल्न हुन्छ नि त्यो मलाई आउँदैनर मैले शायद विषयवस्तु आफ्नो ठ्याक ठ्याक राखेर म राख्छु र अर्कोतिर यसलाई त्यो शैलीवद्ध र धाराबाहिक भन्न पनि जान्दिनँ। विषयमा उठेका कुराहरु र आएको कुराहरु राखेर मैले जाने विषयहरु छन्। त्यसकारणले मैले के अनुरोध गर्न चाहेँ भने यो भित्र यो जुन कि हामीले सरकार चाहि सञ्चालन गरेका छौँ यो देशको एउटा उन्नतिको कुरा हामीले राखेका छौँ। यो

विषयले के के कमजोरी राखेको छ त कि यसले चाहि मलाई लागेको सरल हेरेको योजनाहरु जुन कि यहाँ मोडेल फार्महरु यहाँको तपाईको अरु व्यवसायिकहरु अरु विषयवस्तुहरुमा अथवा यो जुन सपना देख्ने गर्दछौँ कि हामी यो गण्डकी प्रदेशको सरकार र अथवा हामी सबै चाहि माननीयहरुले हामीले त्यो सपना देखेका छौँ। कि हामीले त्यो सपना देख्यौँ र त्यो बजेटमा त्यही लाग्छ कि यहाँ एउटा गाँस, बास , कपास अनि जल , जमिन र जनशक्तिको समाधान भएको एउटा वैज्ञानिक खालको योजना देखिएको छ। शायद मैले कृषि मात्रै भनिनँ लागिनँ। यो भित्र अरु जुन कि विषयगत पनि आएको छ त्यो खालको रहेको छ त्यसैले अब यसमा कहाँ कहाँ पुगेन र कसरी लैजान पर्‍यो भन्ने एउटा छलफल गरौँला। त्यसैले यहाँनेर भनिरहँदा फेरि जुन यो बजेट सम्बन्धी यी तिनवटै चिजलाई समेटेको छ। यदि हामीले गाँस, बास , कपासको विषयमा र त्यसको त्यहीनेर चाहि जल, जमिन र जनशक्तिको समाधानबाट त्यसलाई हामीले यसलाई पूर्ण रुपले अगाडि लानको निम्ति यो छलफल भएको छ। त्यसकारणले मैले यो विषयवस्तुमा राख्दाखेरि यहाँ केही चाहि रहेको छ र यहाँ करिव यो हाम्रो यही गण्डकी प्रदेशको हेरिरहँदा अथवा हाम्रो सिंगो यो नेपाल देशमा हेरिरहँदाखेरि यहाँका एउटा नेपाल एउटा कृषिप्रधान देश हो र यस गण्डकी प्रदेशमा पनि करिव चाहि ६५.६ प्रतिशत कृषिमा आधारित रहेछ मैले तथ्याङ्क पाए अनुसार र यो करिव चाहि यहाँका उत्पादन कृषिबाट उत्पादन अथवा जि.डि.पि. भनौँ यसको करिव चाहि अहिले २९ अगाडिको अहिले घटेर २७ भएको यहाँ देखिन्छ। ०७४/०७५ को करिव २९ मा अहिले घटेर २७ चाहि आएको देखिन्छ र यो फेरि उत्पादनमा आएको भए नि यसको कूल उत्पादन हुने यो २९ प्रतिशत जुन हो नि यो कृषिबाट उत्पादन भएको हुन्छ। त्यसैले यो हामीले संवृद्धि प्रदेश र सुखी प्रदेश नेपालीको जुन आशा लिएको छ र यसरी लिएर आउँदा मलाई लागेको जुन यो बजेटको हिसाव कितावले यहाँको यसको बाँडफाँडमा लिएर आउँदाखेरि करिव चाहि यो कृषिले जे हामीले लक्ष्य लिएको छ सबै समग्र विषयवस्तुलाई हामीले समेट्न खोजेका छौँ त्यसमा तपाईको चाहि के भने ५ प्रतिशत कृषिमा छुट्याएको देखिन्छ त्यसकारणले हामीले समग्रमा गएर एउटा सपना चाहि देखेका त छौँ तर बजेटमा अलि कम हो कि जस्तो मलाई लाग्यो र हुन त केन्द्रको हिसावले ३ प्रतिशत छुट्याएको छ। यहाँ त ५ प्रतिशत

छुट्याएको छ। त्यसैले यसरी तपाईको एउटा २९ प्रतिशत जुन कि यसले यहाँ उत्पादन गर्छ कृषिमा योगदान दिन्छ र ६५ प्रतिशत किसानहरु यहाँ आवद्ध छ र यस्तो अवस्थामा यो बजेट जुन यसको चाहि एउटा विनियोजित गरियो। यसमा चाहि जुन ५ प्रतिशत बजेट त्यसको १/२ अरब कति ४२ करोड भन्याछ त्यो छुट्याउनु अलि कम भएको जस्तो लाग्छ। त्यसकारण समग्र हामीले जे कुराहरु उठाएका छौँ त्यो कुरा पूरा गर्नको निम्ति अहिले यो वर्ष त नहुनी नै भयो । आगामी वर्षको निम्ति अलि बृहत रुपले हामीले अगाडि बढाउन सक्यौँ भने तपाई हामीले उठाएको विषयहरु जुन तपाई हामीले देखेको सपनाहरु हामीले पूरा गर्न सकिन्छ एउटा मैले यो कुरा राखेँ। अर्को यही भनिरहँदा हामी अहिले जुन एउटा कृषिको कुरा गरिराखेका छौँ र हुन सक्छ भौतिक निर्माणका कामहरु अरु र बाटाघाटा पुलका पुल पुलेसोहरु सिचाईको कुराहरु यो एउटा खालको कुनै कसैले जिम्मा लिइदे हुने रहेछ तर हामी त्यो एउटा उत्पादनमा लागेका छौँ। चाहे भनौँ हामीले सुन्तला बगैचाको कुरा गरौँ अथवा हामी एउटा कागतीको कुरा गरौँ अथवा हामी यसरी नै तपाईको मान्नोस केरा, आँप, लिची अथवा तपाईको हामी स्याउ यिनीहरुको हामी कुरा गरिराछौँ त्यसकारणले मलाई लागेको के भनेदेखि जुन कि यो करिव करिव यसको बिरुवाको एउटा मापदण्ड गरेको रहेछ। हिजो चाहि केन्द्रीय सरकारले जुन कि यसको उत्पादन चाहि त्यसरी उभ्याएको हुनाले जनताहरुलाई या कृषकहरुलाई सबै त्यो कृषकहरुलाई जुन त्यहाँका कर्मचारीहरुले जुन कृषिमा आवद्ध भएको प्राविधिक कर्मचारीले उत्पादन गरेको जुन विरुवा सस्तो मूल्यमा दिएको रहेछ र त्यसकारणले अहिलेको हिसावकितावले मैले एउटा उदाहरण दिन चाहन्छु। जस्तै सुन्तला प्रजातिको यदि बिरुवा छ भने राज्यले तोकेको अथवा सरकारले तोकेको त्यसको मूल्य जम्मा ३० रुपैया छ। तपाई जुनसुकै बिरुवा लिनोस् चाहे आँपको लिनोस् चाहे लिचीको लिनोस् चाहे तपाई सुन्तला लिनोस् चाहे मान्नुहोस् जुनार लिनोस् अथवा मुन्तला लिनोस् यी चाहि यो मूल्य रहेछ तर तपाई अहिले हामी यो मुख्यमन्त्री वातावरण कृषि नमूना कार्यक्रम चलाएको छ त्यस्को कृषिको जुन बेर्ना मैले यहाँको योजना लगेको मागेपछि त्यही खालको बेर्नाको कुराकानी गरेँ। मलाई समस्या पऱ्यो। मैले यही पनि पहिला पनि भन्याथ्यो कि यो निति कार्यक्रम सिद्धान्तको विषयमा

पनि त्यसकारणलै मैले ती बेर्नाहरु चाहि हाम्रो स्याङ्गजा जिल्लामा माथिबाट एउटा अब प्रधानमन्त्री कार्यालयबाट आएको सुपरजोन पनि आएको। त्यकारण ५ वटा त्यो खालको नर्सरी थियो र मैले धेरै मागेँ। मैले पहिले चाहि ५००/५००० बोट मागेको थिएँ। ५००० बेर्ना ल्याउनुहोस् भनेँ। त्यसपछि त्यहाँबाट भएन कम्तीमा पनि एउटा मोडेल खालको नर्सरी बनाउनु पर्‍यो यो माओवाद बनाउन पर्‍यो त्यसको निम्ति मलाई केवल ५०० बोट दिनुहोस् भनेर मैले यसरी राखेँ र त्यसकारणले उहाँहरुले भन्यो तपाईले पाउदैन होला त्यसकारणले हामीले अरु ठाउँमा खोज्यौँ र हेर्दै हेर्दै जाँदाखेरि अब यहाँनिर के भने त्यस्को बेर्नाको भाउ सरकारी रेटमा जुन कि ग्रीन होस् भित्र राखेको प्रमाणित गरेको बेर्नालाई जुन त्यो पनि कलवी गरेको बेर्ना कति रहेछ १२५ रहेछ तर बेर्ना तपाईको बहिर किन्न जाने हो भने चाहि त्यो २००/३०० भन्दा पाउँदै पाउँदैन।

(माननीय सभामुखः माननीय सदस्य समय सकियो )

त्यो भएको हुनाले यो बेर्नाहरु उपलब्ध गर्नको निम्ति के गर्नु पर्‍यो भनेदेखि अब अस्ति पनि मैले एकचोटि पहिले पनि राखेको थिएँ त्यसकारणले यो खालको बेर्नाको  व्यवस्था गर्नको निम्ति यहाँका जुन सुन्तला अथवा

(माननीय सभामुखः माननीय सदस्य समय सिद्धियो )

अन्नका बाली बिऊको निम्ति त्यो खालको बृहत खालको जुन कि त्यो नर्सरीहरु त्यो खालको तपाईको बिऊ बिजन उत्पादन गर्ने खालको यदि हामीले राम्रोसँग  प्राप्त गर्न सकेनौँ र भेट्ट्याउन सकेनौँ भने हामीले चाहेको लक्ष्य हो त्यसकारण स्वस्थ बेर्ना समय मल बिऊहरु राख्न सकिदैन

(माननीय सभामुखः माननीय सदस्य समय सकियो )

त्यसकारण मेरो भनाइ यहाँनेर के हो भने फेरि यो हिजो केन्द्रले राखेको चिज अब प्रदेशको मातहतमा त्यो खालको बगैचा नर्सरी बनोस् भन्ने मल विऊको एउटा ब्यवस्था सरकारले गरोस् भन्ने भनाइहरु राख्दै म यहाँबाट बिदा हुन चाहन्छु। हस्त धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु,  आजको लागि यो छलफल यही समाप्त हुन्छ ।

मानननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार १७ गते बिहान ११ : ०० बजे सम्मको लागि स्थगित हुन्छ।